का.जि.प्र.का.द.नं. १००/०५९/६०

२९ भदौ २०८०,
शुक्रबार
15 September 2023,
Friday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक २३२ । पृष्ठ १०    Madhyanha National Daily    www.madhyanhadaily.com

## गगन र विश्वको प्रयास
# जसरी पनि देउवालाई रोक्ने





**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २८ भदौ ।

वर्तमान सत्तारुढ गठबन्धनभित्र आलोपालो प्रधानमन्त्री बन्ने सहमति रहेको नेताहरु बताउँछन् । सहमति अनुसार, सुरुमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रधानमन्त्री बने । दोस्रो चरणमा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र तेस्रो चरणमा चुनावी सरकारको नेतृत्व कांग्रेस सभापति शेरबहादुर देउवाले गर्ने सहमति दलहरुका बीचमा रहेको बताइन्छ ।

तर, कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्मा आलोपालोमा अब को प्रधानमन्त्री हुने भन्नेबारे यकिन नभएको बताउँछन् । कांग्रेसले सरकारको नेतृत्व गर्ने भएता पनि नेतृत्व गर्ने पात्रको विषयमा अहिले केही भन्न नसकिने भन्दै उनले पार्टी सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीमा रोक्ने प्रयास भइरहेको प्रष्ट सकेत गरेका छन् ।

नेताहरुका अनुसार, महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले नीति अधिवेशनबाट विधि बनाएर देउवालाई रोक्ने प्रयास गर्दैछन् । सफल नभए पार्टी महाधिवेशनपछि संसदीय दलको नेता फेरेर अर्कैलाई

> महामन्त्रीद्वय थापा र शर्माले नीति अधिवेशनबाट विधि बनाएर देउवालाई रोक्ने प्रयास गर्दैछन् । सफल नभए पार्टी महाधिवेशनपछि संसदीय दलको नेता फेरेर अर्कैलाई प्रधानमन्त्री बनाएर चुनावमा जाने प्रयत्न हुनेछ ।

प्रधानमन्त्री बनाएर चुनावमा जाने महामन्त्रीद्धय गगन र विश्व प्रकाशको प्रयत्न हुनेछ ।

कांग्रेसबाट राष्ट्रपति एकपटक, प्रधानमन्त्री दुईपटक, मन्त्री तीनपटक र सांसद ४ पटकभन्दा बढी हुन नपाउने नीति अधिवेशनबाट पास गर्ने तयारी महामन्त्रीद्धयको छ । यसो भए चार पटक प्रधानमन्त्री भइसकेका देउवा स्वतः रोकिनेछन् । आगामी मंसिरमा हुने कांग्रेसको महासमिति बैठक छ । उक्त बैठकमा यो एजेन्डा लगेर सैद्धान्तिक सहमति गरी नीति अधिवेशनबाट पारित गराउने तयारी भइरहेको महामन्त्री शर्माले बताउँछन् ।

कांग्रेस महामन्त्री गगन थापाले संसदीय दलको नेता परिवर्तनको प्रयास निरन्तर जारी राखेका छन् । २०७९ को मंसिरको चुनावअघि नै महामन्त्री थापाले संसदीय दलको चुनाव लड्ने मात्र भनेका थिएनन, प्रधानमन्त्री हुने समेत भनेका थिए । त्यतिबेला उनको निर्वाचन क्षेत्रमा प्रधानमन्त्री हुनेलाई छान्ने कि प्रधानमन्त्रीका पीएलाई छान्ने भन्ने चर्चा चलाइएको थियो ।

चुनावपछि थापा देउवासँग संसदीय दलको नेतामा चुनाव पनि लडे । तर पराजित भए । त्यो गणितमा अहिले पनि कुनै परिवर्तन आइसकेको छैन । त्यतिबेला थापाले २५ र देउवाले ६४ मत पाएका थिए । तर, फेरि पनि कांग्रेसभित्र समीकरण परिवर्तनको प्रयास जारी छ । महामन्त्री विश्वप्रकाश शर्मा र नेता प्रदीप पौडेल गगनको साथमा हुने देखिएका छन् ।

कतिपय नेताहरु विगतमा गगन थापाको साथमा रहेका मनिष झा, स्वर्णिम वाग्ले लगातका अनुहारले साथ छोडिसकेका छन् र उनीहरु अर्को पार्टीबाट सांसद भएर संसदमै छन् । त्यसको दबाबका कारण गगन थापाले देउवामाथि दबाब बढाउनुपर्ने बाध्यता रहेको छ । यसकारण गगन थापा वर्तमान सत्तागठबन्धन कायम रहेको अवस्थामा कांग्रेसको पालोमा प्रधानमन्त्री देउवा नहुन भन्ने चाहन्छन् । त्यसलाई रोक्न संसदीय दलको चुनाव गराउनुपर्ने थापाको माग छ ।

# खुला सीमा व्यवस्थित गर्न परमादेश

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २८ भदौ ।




नेपाल-भारतका बीचमा खुला सीमाका कारण बिभिन्न प्रकारका समस्या रहेको दुवै देशका सरकारी अधिकारीहरु स्वीकार गर्छन । समाधानका लागि बिभिन्न चरणमा छलफल भएका छन् बिभिन्न आयोग बनेर अध्ययन भएका छन् । तर, समस्या समाधान नभएको भनी परेको रिटमा सर्वोच्च अदालतले खुला सीमा व्यवस्थित गर्न सरकारका नाममा परमादेश जारी गरेको छ ।

संविधानविद् तथा अधिवक्ता डा. चन्द्रकान्त ज्ञवाली, सीमा विज्ञ बुद्धिनारायण श्रेष्ठ, अधिवक्ताहरु विमल ज्ञवाली, लिलाधर उपाध्याय, शशीकुमार कार्कीले सीमा समस्या समाधान तथा व्यवस्थापनमा आवश्यक आदेश माग गर्दै २०७३ मा रिट निवेदन दर्ता गराएका थिए । उक्त रिटमाथि सुनुवाई गर्दै २०७८ वैशाख १२ गते न्यायाधीशद्वय प्रकाशमान सिंह राउत र पुरुषोत्तम भण्डारीको संयुक्त इजलासले सरकारका परमादेश जारी गरेको थियो । उक्त परामादेशसहितको फैसलाको पूर्णपाठ सार्वजनिक भएको छ । जहाँ चार बुँदे परमादेश जारी गरिएको छ ।

सीमा क्षेत्रमा हुने अवैध तथा आपराधिक क्रियाकलाप रोक्न तथा आवत जावत प्रणालीलाई

> देशको सीमाको अवस्था र स्थिति, एक देशबाट अर्को देशमा आवतजावत गर्ने कार्यलाई नियमन र व्यवस्थापन गर्ने विषय तथा सीमा नाकामा हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्न परमादेश जारी भएको हो ।

व्यवस्थित बनाउन भनिएको छ । यसो गर्दा नेपालको संविधान, प्रचलित कानुन, अन्तर्राष्ट्रिय कानुन तथा दुई देशबिच भएका सन्धि सम्झौताको आधारमा नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता, स्वाधीनता, स्वाभिमान, नेपाली नागरिकको हकहितको रक्षा, सीमानाको सुरक्षा र नेपालको राष्ट्रिय हितको संरक्षण प्रयोजनार्थ राजनीतिक एवं कुटनीतिक पहल गरी आवश्यकता अनुसार थप सन्धि सम्झौता गर्नुपर्ने भए गरी आपसी समानता, सम्मान र पारस्परिक हित एवं चासोको आधारमा खुला सीमाना व्यवस्थापन तथा नियमन गर्नू, गराउनू भनेर सर्वोच्चले सरकारका नाममा परमादेश जारी गरेको हो ।

'खुला सीमाको प्रभावकारी व्यवस्थापनका लागि प्रयोग गर्न सकिने आवश्यक ड्रोन, सीसीटीभी जस्ता प्रविधिको प्रयोग गरी सुरक्षा निकायले गर्ने निगरानीका लागि सुरक्षा व्यवस्था चुस्त दुरुस्त बनाइ नेपाल भारत सीमा वारपार गर्नका लागि निश्चित स्थलमार्गहरुको निक्यौल गरी उक्त >>> पृष्ठ २ मा

# बालेनको बढ्दो लोकप्रियताको ग्राफ

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २८ भदौ ।

अमेरिकाबाट प्रकाशित हुने प्रतिष्ठित म्यागजिन टाइमले विश्वको उदाउदो एक सय व्यक्तिको सूचीमा काठमाडौं महानगरका मेयर बालेन शाहलाई समेटेको छ । मेयर बालेनलाई विश्व प्रतिष्ठित मिडियाले उदाउदो एक सय व्यक्तिको सूचीमा राखेपछि उनको चर्चा थप चुलिएको छ ।

कतिपयले बालेनको लोकप्रियतालाई अन्तर्राष्ट्रिय जगतले पनि अनुमोदन गरेको टिप्पणी गरेका छन् । उनले गरेको काम भन्दा बढी आमनागरिकको विश्वासलाई हेरेर विश्वको सय व्यक्तिको सूचीमा राखेको पनि टिप्पणी भइरहेको छ ।

> सामाजिक सञ्जालको साथलाई मतमा परिणत गरी गैरदलीय उम्मेदवार बनेरै काठमाडौं महानगरका मेयर बनेका बालेनलाई टाइम म्यागजिनले विश्वका उदाउँदो एक सय व्यक्तिको सूचीमा समेटेको छ ।



तर बालेनको यो सफलताबाट राजनीतिक वृत्त भने तरंगित बनेको छ । विशेषगरी पुराना र ठूला दलका नेताहरुले बालेनको सफलतालाई चासोका साथ हेरेको पाइन्छ । मेयर बालेनको चर्चा अन्तर्राष्ट्रिय रुपमा हुनुलाई चासोमा हेर्नुको पछाडि उनको पृष्ठभूमि हो ।

गत वर्षसम्म बालेनको परिचय एक र्‍यापर र इन्जिनियरमै सीमित थियो । तर गत वर्ष सम्पन्न स्थानीय चुनावमा बालेन राजधानी उपत्यका रहेको शहर काठमाडौं महानगरको मेयर निर्वाचित भए । ३२ वर्षीय बालेनले गैरदलीय उम्मेद्वारी दिएर मेयर जितेका थिए । बालेनले नेपाली कांग्रेस र नेकपा एमाले जस्तो ठूला दलका उम्मेद्वारलाई हराएका थिए । अझ त्यो चुनावमा कांग्रेस र एमाले दुवैसँग मजबुत गठबन्धन थियो ।

तर स्वतन्त्र उम्मेद्वार बालेनले मेयर जिते । मेयर जितेपछि उनको चर्चा आमसाधरणसम्म पुगेको छ । विशेषगरी सामाजिक सञ्जालबाट बालेन जनसाधरणसम्म फैलिएका हुन् । केही समय अगाडि अमेरिकाबाटै प्रकाशित हुने द न्यू योर्क टाइम्सले ठूलो कभरेज दिएको थियो । लगत्तै टाइमले विश्वको उदाउदो एक सय व्यक्तिको सूचीमा समावेश गरेको छ ।

यो सफलता पाउदासम्म बालेनले केही उल्लेख्यनीय काम पनि गरेका >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# एक श्रम सहचारीका लागि आठ अधिकृतको आवेदन

**मध्यान्ह संवाददाता**
काठमाडौं, २८ भदौ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले माग गरेको एक जना श्रम सहचारीका लागि आठ जना अधिकृतको आवेदन परेको छ। कुवेतमा कार्यरत श्रम सहचारी हेम कुमार अधिकारीको कार्यकाल सकिन लागेपछि मन्त्रालयले काउन्सेलर (श्रम) तथा श्रम सहचारी छनोट तथा नियुक्ति कार्यविधि तथा मापदण्ड २०७३ अनुसार तोकिएको योग्यता पुगेका कर्मचारीले ३० दिनभित्र आफ्नो योग्यता उल्लेख गरी गत साउन १६ गते दर्खास्त खुलाएको थियो ।

कुवेतको श्रम सहचारीका लागि शाखा अधिकृतहरू उषा थपलिया पाण्डे, कल्पना खनाल रेग्मी, गिरी




प्रसाद आचार्य, जनक सिंह उखेडा, प्रदीप कुमार ढकाल, प्रेम प्रसाद पोखरेल, विकास रजक र सुनिता थापाको आवेदन परेको छ। मन्त्रालयले सूचना जारी गर्दै आगामी असोज ६ गते उनीहरूको विषयवस्तुको ज्ञानबारे प्रस्तुतीकरण लिने भएको छ ।

श्रम सहचारीको दर्खास्त दिन आवेदन फारम भर्ने अन्तिम मितिसम्म निजामती सेवा प्रवेश गरेको कम्तीमा ३ वर्ष पूरा गरी मन्त्रालयमा कम्तीमा एक वर्ष काम गरेको हुनुपर्ने व्यवस्था छ । त्यस्तै अन्य मन्त्रालयमा दरबन्दी रहेपनि श्रम मन्त्रालयअन्तर्गत काम गरेकाहरू पनि आवेदनका लागि योग्य मानिएका छन् । तर मन्त्रालयमा दरबन्दी रही अन्यत्र काजमा गएका कर्मचारी एक वर्ष पुगेको भएपनि आवेदन दिन अयोग्य हुने उल्लेख छ ।

प्रस्तुतीकरणमा मुख्यगरी अंग्रेजी भाषाको दक्षतालाई प्राथमिकता दिइएको छ । आईएलटीएसमा कम्तीमा ५ अंक पीटीईमा ३५ अंक वा टोफल, पिबिटी सिबिट वा आईबिटीमा क्रमशः ५००, १७३ र ६१ स्कोर ल्याउनुपर्नेछ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी: PASTAMATRIX RESTAURANT MANAGEMENT CO.WLL    शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/०५/२७    चलानी नं.:६०२०७७०१    LT. No.: 292566

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook Assistant | 20 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५५,८०२ | अनुसार | क.नि.८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Driver | 5 | 0 | | 140 | ६०,०९५ | | | | | | | |
| 3. | Service Crew | 5 | 0 | | 130 | ५५,८०२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ५ गते (22 September 2023) मा हुनेछ ।

यसै कम्पनीको लागि Arabic Cook, Pasta Maker, Pizza and Burger Maker, Italian Base Cook,Chinese Base Cook And Japanese Base Cook पनि माग भई अएको हुनाले इच्छुकले व्यक्तिहरुले निःशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SGMC
Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com | hr@shermanconsultants.com
Mob: 9851235143, 9851330429, 9803636760, 98020293991, 9841136727, 9844064089, 9869120271

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

२९ भदौ २०८०, शुक्रबार
15 September 2023, Friday

# चिकित्सकमाथि आक्रमण गर्नेलाई कारबाही हुन्छ : प्रधानमन्त्री



काठमाडौं/मस-प्रधानमन्त्री पुष्पकमल दाहाल'प्रचण्ड'ले चिकित्सकमाथि आक्रमण गर्नेलाई कारबाही गरिने बताएका छन् ।

नेपाल चिकित्सक संघको ज्ञापनपत्र बुझ्दै उनले चिकित्सकमाथि आक्रमण गर्नेलाई कानुन बमोजिम कारबाही गर्ने प्रतिबद्धता जनाएका हुन् ।

संघका उपाध्यक्ष डा.प्रकाश बुढाथोकीले प्रधानमन्त्री प्रचण्डले सार्वजनिकस्थलमा काम गरिरहेका स्वास्थ्यकर्मीमाथि हातपात गर्नेलाई जो कोहीलाई उन्मुक्ति नदिने बताउनुभएको बताए ।

संघका अध्यक्ष डा.अनिल विक्रम कार्कीको नेतृत्वमा गएको टोलीले प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो । ज्ञापनपत्रमा स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी पहिलो संशोधन ऐन २०७९ अनुसार कानुनी कारबाही गर्न माग गरिएको छ । यही भदौ २७ गते हेटौंडामा रहेको सञ्चो अस्पतालका चिकित्सक डा.विकास थापा र डा.प्रशान्त विडारीलाई बिरामीको उपचार गरिरहेको बेला सांघातिक आक्रमण गरिएको थियो ।

उक्त घटेको घटनाको विषयलाई लिएर बिहीबार प्रधानमन्त्रीसँग संघको टोलीले भेट गरेको थियो । संघले नियमित रुपमा उपचार प्रक्रियालाई इमान्दारितापूर्वक पालना गरी थप सुविधा सम्पन्न अस्पतालमा बिरामीलाई पठाइएको र बिरामीको मृत्यु भएको घटनालाई अतिरञ्जित गरी चिकित्सकलाई हातपात गर्ने जस्तो अस्वभाविक र अमानवीय घटनाप्रति आपत्ति जनाउँदै दोषीलाई पहिचान गरी कानुनी दायरामा ल्याउन माग गरेको । डेंगी सङ्क्रमण भएपछि थप उपचारका लागि सञ्चो अस्पतालबाट चिकित्सकहरुले चितवन 'रिफर' गरिएको र उपचारका क्रममा बिरामीको यही साउन २५ गते निधन भएपछि सञ्चो अस्पतालमा कार्यरत चिकित्सकद्वयलाई आक्रमण गरेका थिए ।

यसैबीच नेपाल चिकित्सक संघले आन्दोलनको कार्यक्रम घोषणा गरेको छ । बिहीबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै सन्चो अस्पताल हेटौंडामा कार्यरत चिकित्सकद्वय डा. विकास थापा र डा. प्रशान्त बिडारीमाथि आक्रमण गरी घाइते बनाएको भन्दै संघले आन्दोलनको कार्यक्रम घोषणा गरेको हो । संघका महासचिव डा. सञ्जीव तिवारीले ७२ घण्टाभित्र घटनामा संलग्न दोषीलाई कानुनी कारबाही नगरे देशभर आकस्मिक सेवाबाहेकका अन्य सम्पूर्ण सेवाहरू बन्द गरेर ज्यानको सुरक्षामा खटिन बाध्य हुने चेतावनी दिए । दुई चिकित्सकमाथि हातपात गर्ने चार पक्राउ हेटौँडाका दुई चिकित्सकमाथि अस्पताल कक्षमा हातपात र कुटपिट गर्ने चार जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । उक्त घटनाको मकवानपुरका स्वास्थ्य क्षेत्रबाट व्यापक विरोध र आन्दोलन गर्ने भएपछि आज प्रहरीले कुटपिटमा संलग्न चार जनालाई पक्राउ गरेको हो ।

# कटानीमा आँखा शिविर, १ सय १८ जनामा मोतियाबिन्दु

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २८ भदौ

रौतहटको उत्तरी भेगमा रहेका गुजरा नगरपालिकामा निःशुल्क आँखा शिविर सम्पन्न भएको छ । लायन्स क्लव अफ रौतहट चन्द्रनिगाहपुर,लायन्स क्लव अफ रौतहट चन्द्रनिगाहपुर फेमिना, लायन्स क्लव अफ रौतहट चन्द्रपुर ग्रिन सिटी, तथा नेपाल नेत्र ज्योति संघ गौर आँखा अस्पताल आँखा, स्वास्थ्य शिक्षा इकाइ गौरको संयुक्त आयोजनामा शिविर सम्पन्न भएको हो । शिविरमा गत जेठ ६ र ७ गते मोतियाबिन्दुको अप्रेशन गर्न छनौटमा परेका आँखाका



बिरामीहरुसहित थप आँखा जाँच गरी आवश्यकता अनुसार चश्मा वितरण तथा मोतियाबिन्दुको अप्रेशन गर्न पुनः एक दिने आँखा शिविर सञ्चालन गरिएको हो । गुजरा न.पा.-२, कटानी रंगपुर स्वास्थ्य चौकीमा आयोजित शिविरमा  नगर प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, गुजरा नगरपालिका वडा नं.२ तथा ५ का वडा अध्यक्षहरु, नेपाल नेत्र ज्योति संघ गौर रौतहटका चिकित्सकहरु, रंगपुर स्वास्थ्य चौकी परिवार, रंगपुर कटानी माविका प्रअको उपस्थिति रहेको थियो ।

शिविरमा २ सय ६५ महिला र १ सय ४५ पुरुष र ७ जना बालबालिकाहरुको सहभागिता रहेको थियो । उक्त शिविरमा लेन्ससहितको मोतियाबिन्दुको अप्रेशनको लागि १ सय १८ जना, निःशुल्क चश्मा वितरण ८१ जनालाई तथा औषधि निःशुल्क १ सय ३ जनालाई वितरण गरिएको लायन्स क्लव अफ रौतहट चन्द्रनिगाहपुर फेमिनाकी सचिव निर्मला सुवेदीले जानकारी दिएकी हुन् ।

# राजपुरमा उर्दु शेर शायरीको अन्ताक्षरी प्रतियोगिता

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २८ भदौ

रौतहटको राजपुर नगरपालिकाको बैरीयास्थित जोबैरिया गल्स मदरसामा अध्ययनरत छात्राहरुबीच उर्दु शेर शायरीको अन्ताक्षरी प्रतियोगिता सम्पन्न भएको छ ।

पछिल्लो एक हप्तादेखि सञ्चालन भएको सो प्रतियोगितामा २ सय ९८ जना छात्राले भाग लिएका थिए । प्रयोगितामा १२ जना पहिलो र १२ दोस्रो स्थानमा पुगेका थिए ।

प्रतियोगिताको सेमिफाइनलमा पुग्न सफल ५४ जनालाई सान्तना पुरस्कार दिइएको  मदरसाका निर्देशक अवदुल हक मदनीले बताए ।

मदरसा सञ्चालक समितिका अध्यक्ष अन्वारुल हक  सलफिको अध्यक्षतामा भएको फाइनल प्रतियोगिता तथा पुरस्कार वितरण कार्यक्रममा नेपाल तरुण दलका केन्द्रीय सदस्य नौसाद आलम, नेपाली कांग्रेसका युवा नेता साविर हुसेन, मदरसाका सचिव एजाजुल हक मदनी, प्रधानाध्यापक शौकत अलि रयाजी, रिजवान सलफी,फैसल सेराजीसहितले मन्तव्य राखेका थिए ।

### खुला...

स्थलमार्गहरुबाट आवतजावत गर्ने यात्रुहरुमा भाषाको समस्या नहोस् भन्नका लागि सीमा नाकामा रहेका अध्यागमन कार्यालय तथा सुरक्षा निकायमा कार्यरत जनशक्तिहरुलाई भरसक भाषागत तालिम प्रदान गरी नेपाल प्रवेश गर्ने यात्रुहरुले अध्यागमन कार्यालय वा सुरक्षा निकायमा आधिकारिक परिचयपत्र देखाइ त्यसको अभिलेखसमेत राखी सीमा क्षेत्रमा हुने आवतजावतलाई नियमन र व्यवस्थित गर्नू/गराउनू' फैसलामा भनिएको छ ।

हराएका सीमा स्तम्भको निर्माण, पुनर्स्थापना गर्ने र दशगजा क्षेत्र खाली गराउने कार्य विज्ञ समूहले गरिरहेको भन्ने लिखित जवाफमा उल्लेख गरेको देखिएको भन्दै उक्त कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाइ सम्पन्न गराई सीमा विवाद समाधान गर्नू गराउनू भनेर समेत सर्वोच्चले परमादेश जारी गरेको छ ।

'देशको सीमाको अवस्था र स्थिति सीमानामा एक देशबाट अर्को देशमा आवतजावत गर्ने कार्यलाई नियमन र व्यवस्थापन गर्ने विषय तथा सीमा नाकामा हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने लगायतका विषय सबै नागरिकको प्रत्यक्ष वा परोक्ष रुपमा चासो र सरोकारको विषय हो' सर्वोच्चको आदेशमा भनिएको छ, 'त्यस्तो राष्ट्रिय महत्त्व र सरोकारमा कुनै नागरिकको सम्बन्ध वा सरोकार हुँदैन भनी व्याख्या गर्नु न्यायोचित हुँदैन ।'

### बालेनको...

छन् । विशेषगरी नक्सा बिपरीत र नक्स पास नगरी बनेका संरचना हटाउन उनी निर्मम देखिए । शक्तिको आडमा चलिरहेको त्यस्ता संरचना हटाउँदा बालेनको चर्चा धेरै भएको थियो ।

त्यसबाहेक बिपन्न वर्गलाई दिइनुपर्ने १० प्रतिशत बेड निशुल्क, वडामै चिकित्सक परिचालन जस्ता कामले बालेनको चर्चा भयो । नीजि स्कूलका शिक्षकको तलब बृद्धि गर्न निर्देशन, छात्रबृत्तिमा हस्तक्षेप र विद्यार्थीहरुलाई बुक फ्रि डे जस्ता अभियान बालेनले चलाएका छन् । सार्वजनिक शौचालय र पार्किङमा उनको जोड छ ।

धार्मिक, सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक सम्पदा संरचनालाई अभियानका क्रममा उनले अगाडि बढाएका छन् । राजधानीलाई हरियाली बनाउने अभियानदेखि अतिक्रमण भएका खोला नदीलाई खुला गर्ने अभियानलाई बालेनले प्राथमिकतामा राखेका छन् । तर कतिपय निर्णय र अभिव्इक्तिमा भने बालेन विवादित छन् । ती विवादित विषयलाई अनदेखा गरेरै टाइमले उदाउदो नेताको सूचीमा बालेनलाई राखेको छ ।


## फेदाप गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**पोक्लावाङ, तेह्रथुम**
**कोशी प्रदेश, नेपाल**

### फेदाप गाउँपालिकाद्वारा उपभोक्ता हित संरक्षणमा जारी सूचना

**उद्योग तथा व्यवसायका लागि :**

१. बिक्रेताले बिक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी बिक्री कक्षमा राख्नुपर्नेछ ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने ।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने, तौलने यन्त्रहरु (ढग, काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने ।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत नापतौल कार्यालयबाट इजाजत पत्र लिएर मात्र बिक्री वितरण गर्ने ।
५. खरिद गरेको सामानको नाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने ।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी/उजुरी दिने ।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, वर्तन तथा सतहलाई खानामा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेनिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ ।
९. बिमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने ।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरवदल गर्नुपर्नेछ ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ ।
१२. बासी सडेगलेका, अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं ।
१३. मासु, दुग्ध पदार्थ, माछा तथा अण्डा लगायत छिटो सडीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने ।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने ।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य वस्तु बिक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने ।
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र बिक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र बिक्री वितरण गरौं ।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्नेगरी राख्नु पर्नेछ ।

**वस्तु तथा सेवामा समान पहुच, गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्‍याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुबाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीबाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो । आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं ।**



**Government of Nepal**
## Shivasatakshi Municipality
## Office Of The Municipal Executive
**Jhapa, Nepal**

### Invitation for online Bids

Date of Publication : **2080/05/29 (15-Sep-2023)**

1. Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 04/SM/ NCB/Cons/ 2080/081 | Construction of Municipal Building Block B Phase I | Nrs 3000.00 | **Nrs** 1,68,14,058.81 | 90 Days After Bid opening | **Nrs** 4,21,000.00 | 30 Days beyond the Validity of Bid | 16-Oct-2023 12: 00 Hours | 16-Oct-2023 14: 00 Hours |

2. **Information to deposit the cost of Bidding document in Bank**
**Name of the Bank: Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch**
**Name of Office: Shivasatakshi Municipality**
**Office Account no.: 29601400000017**
3. If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.
4. A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.
5. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**

# लागुऔषधको 'अखडा' बन्दै कर्णाली प्रदेश

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २८ भदौ



पछिल्लो समय कर्णाली प्रदेशको राजधानी लगायतका अन्य जिल्लामा लागुऔषधको कारोबार तथा प्रयोग बढ्दै गएको पाइएको छ।

यहाँ लागुऔषध ओसारपसार तथा भण्डार र खरिदबिक्रीका घटना बढिरहेका छन्। नेपाल प्रहरीको सक्रियतामा निरन्तर लागुऔषध कारोबार गर्ने गिरोहहरु पक्राउ परिरहेका छन्। गत भदौ १० सुर्खेतको वीरेन्द्रनगरबाट लागुऔषध 'ब्राउन सुगर' सहित प्रहरीले दुई जनालाई नियन्त्रणमा लियो। दाङबाट जुम्लातर्फ आउँदै गरेको क १ ख १० नम्बरको ट्रकलाई शंका लागि चेकजाँच गर्ने क्रममा उनीहरूलाई वीरेन्द्रनगर-११ सुब्बाकुना चेक पोष्टबाट पक्राउ गरिएको थियो। उनीहरू उमेरले ३० वर्षमुनिका थिए।

जिल्ला प्रहरी कार्यालय सुर्खेतका अनुसार उनीहरू दुवै जनालाई लागुऔषधसम्बन्धी मुद्दा चलाइएको छ। यस्तै, भदौ ११ गते पञ्च पुरी नगरपालिका-४ बराइचेबाट हुम्लाको सर्केगाड गाउँपालिका-४ बस्ने वर्ष २७ का मोहन शाही पनि लागुऔषधसहित पक्राउ परे। सरदर दैनिक जसो लागुऔषध ओसारपसार गर्ने गिरोहका सदस्यहरू पक्राउ परिरहेका छन्। यसरी लागू औषध बोक्ने र सेवन गर्दै गरेका युवाहरू पक्राउ पर्नु कर्णाली प्रदेशमा अहिले सामान्य विषय बन्दै गएको छ। यस हिसाबले हेर्दा कर्णाली प्रदेशमा लागुऔषध कारोबारी र सेवनकर्ताको संख्या तीव्र गतिमा बढ्दै गएको अनुमान गर्न सकिन्छ। आर्थिक वर्ष २०७७/०७८ मा १ सय ६ जना पुरुष र १७ जना महिला गरी कुल १ सय २३, आर्थिक वर्ष २०७८/०७९ मा १ सय ६४ जना पुरुष र ८ जना महिला गरी १ सय ७२ र गत आर्थिक २ सय १५ जना अभियुक्तलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ परेकाहरूबाट २ सय ५ ग्राम २ सय ७२ मिलिग्राम ब्राउन सुगर, ६ सय ८६ ग्राम ८२ मिलिग्राम गाँजा, १ सय ६३ ग्राम ९ सय ७७ मिलिग्राम चरेस, १७ सिसी र १ हजार ६ सय ८४ ट्याब्लेट, औषधीजन्य लागुऔषध बरामद गरिएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार पछिल्लो समय सहर भन्दा गाउँमा लागुऔषध सेवनकर्ताको संख्या बढ्दो क्रममा छ। पक्राउ पर्नेमा अधिकांश पुरुष रहेका छन् भने महिलाको संख्या पनि डरलाग्दो हिसाबले बढिरहेको छ।

लागुऔषध नियन्त्रण गर्न प्रभावकारी कदम नचाल्ने हो भने युवा पुस्ता बर्बाद हुँदै जाने संकेत देखा परेको प्रहरी अधिकारीहरूको भनाइ छ। लागुऔषध दुर्व्यसनी हुनुमा साथीहरूको दबाब, मनोरञ्जनको चाहना, कस्तो हुन्छ भन्ने उत्सुकता, मानसिक तनाव कम गर्ने बहाना, पारिवारिक समस्याबाट मुक्तिको भ्रम, डिप्रेसन र पढाइमा समस्या मुख्य कारण रहेको पाइएको छ।

नेपालगन्जबाट युवा तथा अन्य मानिसहरू सुर्खेत आउने हुँदा यहाँ लागुऔषध दिनदिनै भित्रने गरेको प्रहरीको भनाइ छ। प्रहरीले लागुऔषध सम्बन्धी विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहे पनि यसको नियन्त्रण हुन सकेको छैन। गाउँघरमा यो कार्यक्रम प्रभावकारी भएको भए पनि सहर बजारमा भने यो कार्यक्रम शून्यमा छ। कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रवक्ता गोपालचन्द्र भट्टराईका अनुसार लागुऔषध प्रयोगकर्ताको संख्या हेर्दा प्रदेशभरका हरेक स्थानीय तहले विशेष कार्यक्रम चलाउन आवश्यक देखिन्छ।

'लागुऔषधको कारोबार र प्रयोग बढेको छ तर नियन्त्रण गर्ने जनशक्ति र संयन्त्रको अभाव छ। सीमित स्रोतसाधनबाट पनि हामीले बढीभन्दा बढी काम गरेका छौँ। जनचेतना फैलाउने कामका पनि लागेका छौँ,' भट्टराईले भने, 'लागू औषध खराब हो, कानुनले बन्देज गरेको छ भन्ने कुरा प्रयोगकर्तालाई पनि थाहा छ तर छोराछोरी दुर्व्यसनी हुँदै गरेको कुरा अभिभावकलाई थाहा हुँदैन।'

**यातायातसँगै लागुऔषधको कारोबार पनि बढ्यो : डीआइजी ढकाल**

कर्णाली प्रदेश प्रहरी कार्यालयका प्रमुख एवम् डीआइजी भीमप्रसाद ढकालले पछिल्लो समय विकाससँगै लागू औषधको कारोबार पनि बढ्दै गएको बताए। एक कार्यक्रममा बोल्दै उनले यातायात पुग्ने ठाउँमा लागुऔषध कारोबार बढी हुने भएकाले यातायात र यसको सम्बन्ध नङ र मासुको जस्तै भएको बताए। उनले अरू प्रदेशभन्दा कर्णालीमा लागुऔषध सेवन गर्नेको संख्या भने कम रहेको बताए। उनले नेपालमा वार्षिक ५ दशमलव ६ प्रतिशतले लागु औषध सेवन गर्नेहरूको संख्यामा वृद्धि हुने गरेको बताए। नागरिकले पनि सबै जिम्मा प्रहरीको मात्रै हो भन्ने सोच्ने भएकाले पनि लागुऔषधको कारोबार झन् बढ्दै गएको उनको भनाइ छ। उनले यो नियन्त्रणका लागि प्रहरी एक्लैले चाहेर मात्रै नहुने बताउँदै शंका लागेको खण्डमा प्रहरीलाई खबर गर्ने खालको समुदाय बनाउन जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए। प्रमुख ढकालले पछिल्लो समय हिमाली जिल्लामा समेत लागुऔषधको कारोबार भइरहेको जानकारी दिए।

**अभिभावकको निगरानी कम भयो : डीएसपी शाही**

जिल्ला प्रहरी कार्यालय सुर्खेतका डीएसपी एवम् प्रहरी नायव उपरीक्षक लक्ष्मणबहादुर शाहीले गाउँका युवा युवती सहर बजारमा पढ्न आउने, गलत संगत गर्ने, अभिभावकले निगरानी नराख्ने लगायतका कारणले लागुऔषध दुर्व्यसनी नियन्त्रण बाहिर जान थालेको बताए। उनले लागुऔषध दुर्व्यसनी नियन्त्रण बाहिर जान थालेकाले सचेतना अभियान समेत थालिएको बताए। प्रहरीले पक्राउ पर्नेहरूलाई लागु औषध ऐनअन्तर्गत मुद्दा दर्ता गर्दै आएको छ।

**लागुऔषध नियन्त्रणका लागि कानून जरुरी : मन्त्री जिसी**

कर्णाली प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री कृष्णबहादुर जिसीले लागुऔषध नियन्त्रणका लागि आवश्यक कानून, कार्यविधि तथा योजनाहरू बनाएर कार्यान्वयन गर्न सकेमा लागुऔषध नियन्त्रण हुन सक्ने विश्वास गरे। उनले लागुऔषध नियन्त्रणका लागि आवश्यक कानूनहरू बनाउन ढिला गर्न नहुने समेत बताए। मन्त्री जिसीले विद्यालय र घरपरिवारले आजैदेखि लागुऔषध नियन्त्रणका लागि सक्दो सहयोग गरेमा यसको नियन्त्रण केही हदसम्म हुने बताए। धेरै नागरिक लागुऔषध नियन्त्रण गर्ने जिम्मा प्रहरीको मात्रै भएको भन्ने सोचिदिनाले लागुऔषध नियन्त्रण झनै भयावह हुँदै गएको बताए।

# फिजियोथेरापी सेवा सञ्चालन गरिँदै



बाजुरा/मस- बाजुरामा फिजियोथेरापी सेवा सञ्चालन गरिने भएको छ। बाजुराको बडिमालिका नगरपालिकाको हलमा हयान्डिक्याप इन्टरनेशनल फेडेरेसन परियोजना साझेदार संस्था मानव संशाधन केन्द्र एचआरसी बाजुराद्वारा आयोजित एक कार्यक्रममा फिजियोथेरापी सेवा सञ्चालन गरिने जानकारी दिइयो। सो अवसरमा विभिन्न सरोकारवाला निकायसँग छलफल गरिएको थियो।

हयान्डिक्याप इन्टरनेशनल फेडेरेसन अन्तर्राष्ट्रिय गैर सरकारी सहायता संस्था हो। फ्रान्समा सन् १९८२ मा स्थापना भएको उक्त संस्थाले हाल नेपाललगायत विश्वका ६३ देशहरुमा आफ्नो सेवा प्रदान गर्दै आएको छ। हाइ फेडेरेसनले आर्थिक सामाजिक रुपले जोखिममा रहेका तथा संकटासन्न व्यक्ति, परिवार र समुदायको मौलिक अधिकारको सम्मान र प्रर्वद्धन गदै उनीहरुको आधारभूत आवश्यकता र मर्यादित जीवन शैलीको सुनिश्चतताका लागि काम गर्दै आएको संस्थाका बाजुरा जिल्ला संयोजक अग्नी कुमार शाहीले बताए।

हयान्डिक्याप इन्टरनेशनल फेडेरेसन परियोजना सझेदार संस्था मानव संशाधन केन्द्र एचआरसी बाजुराले बडिमालिका नगरपालिकाभित्र बसोबास गरिरहेका अपाङ्गता भएका तथा संकटामा रहेका व्यक्तिहरुलाई स्वास्थ्य पुनर्स्थापना, आर्थिक सामाजिक सेवाहरुमा पहुँच वृद्धि गर्न बाजुरा जिल्ला अस्पतालमा फिजियाथेरापी एकाइहरु स्थापना गर्ने बताएको छ।

अपाङ्गता भएका व्यक्तिहरुलाई प्रोस्थेटिक्स-अर्थोटिक्स,सहायक-मोबिलिटी सामग्रीहरु तथा कार्यगत सीमितता कम गरी सामाजिक जीवनमा सहभागी गराउने, आर्थिक, सामाजिक तथा वित्तीय स्रोतमा पहुँच वृद्धि गर्न सहयोग पुर्‍याउने र यो कार्यक्रमलाई प्रभावकारी बनाउन भौतिक र प्राविधिक सहयोग गर्ने परियोजना साझेदार मानव संशाधन केन्द्र एचआसी बाजुराका अध्यक्ष निर बहादुर शाहीले बताए।

Lumbini Province Government
Ministry of Watersupply, Rural and Urban Development

## Urban Development and Building Office

**Rupandehi**

## Invitation for Bids/Sealed Quotation : IFB/02/UDB-RUP/080-81

***Invitation for Bids/Sealed Quotation : IFB/02/UDB-RUP/080-81***

**First Date of publication:15/09/2023**

Urban Development and Building Office, Rupandehi invites bids for the construction of following Works under NCB/SQ Procedures. All other information and Bid Documents can be downloaded from PPMO's website ***www.bolpatra.gov.np/egp*** . All eligible bidders are requested to submit bid ***by electronic only*** with the requested documents within the mentioned period.

| S.N | Contract ID No. | Work Description | Bid Security Amount, NRs | Bid Document Fee, NRs | Estimate Amount (without VAT & Contingency), NRs |
|---|---|---|---|---|---|
| 1 | UDB-RUP/34701012-14/ NCB/80-81/11 | **Upgrading Work of Rood at Sunwal 1 (Shanti-Tole & Way to Aawash Road), West-Nawalparasi** | 128000 | 3000 | **5126732.57** |
| 2 | UDB-RUP/34701012/ NCB/80-81/12 | **Upgrading Work of Rood and Paving Interlocking Block Works at Santinagar, Sunwal-04, West Nawalparasi** | 65000 | 3000 | **2608036.31** |
| 3 | UDB-RUP/ 3470148015-1014/NCB/80-81/13 | **Upgrading Work of Rood at english school pokhari tole- kalikatole and Araniko tole at Sunwal-08, West-Nawalparasi** | 160000 | 3000 | **6409903.83** |
| 4 | UDB-RUP/34701014/ NCB/80-81/14 | **Upgrading Work of Rood at Sundarbasti, Sunwal-13, West-Nawalparasi** | 170000 | 3000 | **6837368.23** |
| 5 | UDB-RUP/34701012/ NCB/80-81/15 | **Upgrading Work of Rood (basti Bikas) at Harpur, palinandan-02, West-Nawalparasi** | 75000 | 3000 | **2991276.46** |
| 6 | UDB-RUP/34701012/ NCB/80-81/16 | **Upgrading Work of Rood (basti Bikas) at Bairawa, palinandan-04, West-Nawalparasi** | 65000 | 3000 | **2563770.91** |
| 7 | UDB-RUP/34701012/ NCB/80-81/17 | **Upgrading Work of Rood (basti Bikas) at Hardi, palinandan-05, West-Nawalparasi** | 65000 | 3000 | **2564088.72** |
| 8 | UDB-RUP/34701012/ NCB/80-81/18 | **Construction of Infrastructure's at Mahendra Park at Krishnanagar, Kapilvastu** | 175000 | 3000 | **6872751.79** |
| 9 | UDB-RUP/34701014/ SQ/80-81/19 | **Construction Of Compound wall at Sahayarti Nepal, Bardaghat-14, West-Nawalparasi.** | 32000 | 1000 | **1281974.82** |
| 10 | UDB-RUP/34701014/ SQ/80-81/20 | **Construction of RCC Road at Tilottama-15, Pragatipath, Rupandehi** | 45000 | 1000 | **1705257.03** |
| 11 | UDB-RUP/34701014/ SQ/80-81/21 | **Construction of truss building at Padasari Gurung Samaj, Omsatiya-01, Rupandehi** | 45000 | 1000 | **1693990.38** |
| 12 | UDB-RUP/34701012/ SQ/80-81/22 | **Road Construction Works at Chandrakot mode to Badkasr, Butwal-19, Rupandehi** | 45000 | 1000 | **1708896.10** |
| 13 | UDB-RUP/34701013/ SQ/80-81/23 | **Construction of Infrstructures at Radhakrishna Mandir, Butwal-7, Deepnagar, Rupandehi** | 45000 | 1000 | **1709320.09** |
| 14 | UDB-RUP/34701012/ SQ/80-81/24 | **Upgrading works of road atTindhura chowk to Bhailubhuj Nahar, Rupandehi** | 45000 | 1000 | **1708671.65** |
| 15 | UDB-RUP/34701013/ SQ/80-81/25 | **Repairing and Maintenance Works of Balmandir Sabhahall at Nepal Bal Sangathan, Taulihawa, Kapilvastu** | 45000 | 1000 | **1708928.32** |

**Act.Office Chief**

**Cyprus मा महिलाहरूलाई रोजगारको अवसर**

१.कम्पनी:- **Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca.**
पूर्व स्वीकृती मितिः २०८०।०५।२७ चलानी नं. ६०२०७६९८ LT.No. 292517

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 315 | ४४,८०८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

२.कम्पनी:- **V. Varnava Employment Agency Ltd., Cyprus, Deryneia.**
पूर्व स्वीकृती मितिः २०८०।०५।२७ चलानी नं. ६०२०७६९९ LT.No. 292518

| सि.नं. | कामदारको पद | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Workers | 20 | काममा दक्ष | 314 | ४४,६६६।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०८० असोज ५ गते ( 22 September, 2023) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला।

Govt. Lice. No.: 1172/073/074
**Apps Services Pvt.Ltd.**
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

**UAE मा वैदेशिक रोजगारको अवसर**

कम्पनी: M E S SECURITY SERVICES L.L.C.-BRANCH OF ABU DHABI 1 शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/03/२३ चलानी नं.: ६०१८२७४० LT. No.: 266794 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 75 | 25 | स. काममा दक्ष | 2000 | ७२,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: BARARI NATURAL RESOURCES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/03/२८ चलानी नं.: ६०२०४५८३ LT. No.: 289202 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Forestry Worker | 150 | 0 | स. काममा दक्ष | 800 | २८,८३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ALABAAD ALKHAMSAH SECURITY SERVICES शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/०५/२५ चलानी नं.: ६०२०५९७७ LT. No.:290613 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 80 | 20 | स. काममा दक्ष | 1200 | ४३,२४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वाता मेनपावर कार्यालय, काठमाडौंमा २०८० असोज ४ गते गते (21 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

FUTURE STAR MANPOWER PVT. LTD.
श्रम इजाजत नं.: ३९७/०६०/०६१
**फ्यूचर स्टार म्यानपावर (प्रा.) लि.**
सामाखुसी, टाउनप्लानिङ्ग, काठमाडौं फोनः ०१-४३६०५७६, ४३५०७१९, ९८१०१०१८१०
Jhapa Birtamod :- ०२३-५४३७८४ ,९८१६९१५२८६, ९८२३१४५९५४
Email: futurestarmp397@gmail.com

**यूएईमा रोजगार** | कम्पनी : BHADRAKALI VEGETABLES AND FRUITS TRADING CO. LLC
शहर : UAE

पूर्व स्वीकृत मितिः २०८०/०५/२७ चलानी नं.: ६०२०७७०२ LT. No.: 292481

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall and Market Salesperson | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५७,७१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Light Vehicle Driver | 1 | 0 | | 1200 | ४३,२८४ | | | | | | | |
| 3. | Helper | 2 | 0 | | 900 | ३२,४६३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज ५ गते (22 September 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

**इन्टरनेशनल ट्रेड लिङ्क नेपाल प्रा. लि.**
श्रम इजाजत नं. ७०६/०६४/०६५
बसुन्धरा चौकी, काठमाडौं, नेपाल, फोनः ४३९०६६९, ४३६३६९७
Email.: info@itlnepal.com, Web.: www.itlnepal.com

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!



TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com



## सम्पादकीय


# बालेनको लोकप्रियता र बोक्नुपर्ने दायित्व

काठमाडौं महानगरका मेयर बालेन्द्र शाहलाई अमेरिकाबाट प्रकाशित हुने टाइम म्यागजिनले विश्वको उदाउदो एक सय व्यक्तिको सूचीमा समेटेको छ । गत वर्षको स्थानीय चुनावमा गैरदलीय उम्मेद्वारी दिएर राजधानी उपत्यका रहेको महानगरकै मेयर जितेपछि बालेनको चर्चा शुरू भएको थियो । त्यसअघि न्यापर र एक इन्जिनियर बालेनलाई राजनीतिक वृत्तले राम्रोसँग चिनेको थिएन । स्थानीय चुनावको चर्चा चल्दा पनि नेपाली कांग्रेस र नेकपा एमाले गरी दुई कित्तामा उभिएको तत्कालीन गठबन्धन मध्येकै एक उम्मेद्वार मेयर बन्ने आँकलन भइरहेको थियो । तर यी ठूला गठबन्धनलाई पछि पार्दै गैरदलीय उम्मेद्वार बालेनले काठमाडौं महानगरको मेयर जिते । मेयर जितेपछि उनको चर्चा राजनीतिक वृत्तदेखि आमसाधरण नागरिकसम्म हुन पुग्यो । सामाजिक सञ्जालबाट चर्चामा आउन थालेका बालेनलाई अन्तर्राष्ट्रिय मिडियाहरूले पनि पछ्याउन थाले । त्यसैक्रममा केही समय अगाडि अमेरिकाबाटै प्रकाशित न्यूयोर्क टाइम्सले लामै अभिलेख तयार पारेको थियो ।

फेरि अमेरिकाकै अर्को मिडियाले उदयमान व्यक्तिको विश्वसूचीमा उनी परेका छन् । पश्चिमा मिडियाको कभरेजबाट पुग्ने लाभ पक्कै पनि बालेनले उठाउने नै छन्, अर्थात् उनको लोकप्रियता अब मुलुक र नेपालीको घेराबाट बाहिर निस्केको छ । उक्त मिडियाका पाठक र त्यसप्रति विश्वास राख्नेहरूले बालेनलाई नयाँ संभावनाका रूपमा हेर्नेछन् । त्यसको असर नेपालमा नपर्ने कुरै भएन । त्यसैपनि सामाजिक सञ्जालकै माध्यमबाटै बालेन मुलुकका नेताहरू मध्ये सर्वाधिक लोकप्रिय थिएन । उनलाई फलो गर्ने, प्रतिक्रिया दिने र कमेन्ट गर्नेहरू अरू कुनैपनि व्यक्ति भन्दा धेरै थियो ।

टाइमको यो सूचीले उनका फलोअर अझै बढ्नेछ । यसले मुलुककै राजनीतिक कोर्समा असर पर्ने अनुमान गर्न सकिन्छ । किनकि बालेनप्रति बढेको आकर्षणको लाभ पुराना र ठूला दलहरूले नपाउने पक्का छ । किनकि ठूला दलका नेताहरूको शैली र प्रवृत्तिकै विकल्पमा नयाँ पुस्ताबीच बालेनको आकर्षण बढेको अनुमान लगाउन सकिन्छ । तसर्थ आगामी चुनावमा पुराना दलहरूलाई सजिलो नहुने मात्रै नभएर मुलुकको शासकीय नेतृत्वमा नयाँ अनुहार आउन सक्ने आधार थप बलियो बनेर गएको छ । यसप्रति सचेत र उत्तरदायी हुनुपर्ने दायित्व भने स्वयम् बालेनलाई पनि छ । किनकि उनका कयौं काम र अभिव्यक्ति विवादित छन् । विवादित हुनुको अर्थ मतविभाजन हो, जसले सही गन्तव्यमा लैजादैन । सँगै, पुराना शक्तिहरूका लागि त बालेनको लोकप्रियता असाधरण सिकाइ हुनुपर्छ । यथास्थितिमा मुलुकको नेतृत्व गरिरहेका पुराना दलहरूको अस्तित्व जोगाउन कठिन छ ।

# 'प्रवासमा श्रम गर्ने नेपालीहरूलाई समृद्ध बनाउन मेरो उम्मेदवारी'



- राजेन्द्र कुमार (आरके) शर्मा
अध्यक्षको उम्मेदवार
गैर आवासीय नेपाली संघ

*नेपाल बाहिर सबैभन्दा धेरै नेपालीले रोजगारी तथा व्यवसाय गर्ने क्षेत्र मध्यपूर्व हो । नेपालमा सबैभन्दा बढी विप्रेषण पठाएर देशको अर्थतन्त्रमा योगदान गर्ने क्षेत्र पनि मध्यपूर्व हो । यही मध्यपूर्वको देश कतारमा करिब साढे तीन दशकदेखि नेपालीले रोजगार तथा व्यवसाय गर्दै आइरहेका छन् । हाल साढे तीन लाख नेपाली कार्यरत कतारमा सन् १९९९ मा बागलुङको सुखौरा गाउँमा जन्मिएका* ***राजेन्द्र कुमार (आरके) शर्मा*** *पनि सहभागि हुन आएका थिए । सन् १९९९ तिर पढ्ने र जागिर गर्ने उद्देश्यले नयाँ दिल्ली पुगेका उनी त्यहाँ एउटा ट्राभल कम्पनीमा काम गर्दै गर्दा सोही कम्पनीको केही जिम्मेवारी बोकेर कतार प्रवेश गरेका थिए ।*

*शर्माले एउटा निर्माण कम्पनीमा लेखापालका रूपमा जागिर सुरु गरे । तर केही समयपछि भारतीय लगानीकर्ताले कम्पनी छाडेपछि त्यो ठाउँ शर्माले लिए । फलस्वरूप सोही कम्पनीमा उनी सन् २००४ देखि लगानीकर्ताको हैसियतमा छन् । करिब दुई दशकमा कतारमा आफ्नो छुट्टै व्यावसायिक साम्राज्य खडा सफल भएका उनी हाल कतारभित्र सफल नेपाली व्यवसायीमा रूपमा पनि चिनिन्छन् ।*

*कतारलाई आफ्नो कर्मथलो बनाइरहँदा शर्मा गैर आवासीय नेपाली अभियानमा सन् २००६ देखि सक्रिय छन् । कतारको एनसीसीमा सल्लाहकार, आइसिसी सदस्य र मध्यपूर्व संयोजक, सचिव हुँदै अहिले उपाध्यक्ष भएका शर्मा अब मध्यपूर्वको प्रतिनिधित्व गर्दै संघको नेतृत्व गर्ने योजनामा छन् ।*

*गैर आवासीय अभियानमा पछिल्ला केही वर्षयता विवाद बढ्न थालेको देखिन्छ । चार वर्षअघि काठमाडौंको हायात होटेलमा भएको सम्मेलनमा झडपकै अवस्थासमेत बन्न पुगेको थियो । मतभेदबिच दुई वर्षअघि सहमतीय आधारमा तीन जना अध्यक्ष बनेका थिए । तर, उक्त प्रयासले पनि एकीकृत हुन नसकेको अभियान हालै मात्र एकीकृत भएको छ ।*

*कतारको आधुनिक विकासलाई नजिकैबाट अनुभव गरेका शर्माले एनआरएनएको ११औं विश्व सम्मेलनबाट चुनिने नयाँ अध्यक्षका लागि उम्मेदवारी दिने तयारीमा विभिन्न देशमा भ्रमण गरिरहेका छन् । हालसम्म करिब विश्वका चालिस देशमा पुगेका शर्मासँग कर्मभूमि कतार आएका बेला मध्यान्ह राष्ट्रिय दैनिकले विशेष सम्मेलनको तयारीबारे केही जिज्ञासा राखेको छ । प्रस्तुत छ, मध्यान्ह राष्ट्रिय दैनिककी कतार संवाददाता* ***तिलु शर्मा पौडेल****ले अध्यक्षको उम्मेदवार शर्मासँग गरेको कुराकानीको सम्पादित अंश :*

**विश्वभरका नेपालीलाई जोड्छु भन्दै अभियानमा हुनुहुन्छ, तर तपाईले कतारको एनसीसीभित्रको विवाद मिलाउन सक्नुभएन । यसलाई कसरी मिलाउनु हुन्छ ?**

एउटा जीवन्त संस्थाभित्र वाद विवाद तथा बहस हुनु स्वाभाविक कुरा हुन् । बहसले उच्च सकारात्मक निष्कर्ष दिन्छ । एउटा घरभित्र बाबुछोराका धारणा फरक हुन्छन् भने यो साझा संस्था हो तर, हाम्रो उद्देश्य भनेको समाजलाई केही योगदान दिने हो । विवाद समाधानको लागि मैले आफ्नो तर्फबाट काम गरिरहेको छु । संस्थाभित्र लोकतान्त्रिक तरिकाले प्रतिस्पर्धा भएको हो । एनआरएनए अभियानभित्र जित्ने र हार्ने भन्ने हुँदैन । हामी सबैको उद्देश्य भनेको विदेशमा आएर आफ्नो पेसा व्यवसायबाट समय बचाएर सामाजिक अभियानमा लाग्ने नै हो ।

**तपाईंले अलि हतार गरेर अध्यक्षमा उम्मेदवारी दिन लाग्नु भयो भन्ने कतिपयको टिप्पणी छ । तपाईंको उम्मेदवारी किन ?**

मैले हतार गरेर गैर आवासीय नेपाली संघ( एनआरएनए)को अध्यक्षमा उम्मेदवारी दिन लागेको होइन । म विगत डेढ दशकदेखि गैरआवासीय नेपाली अभियानमा सक्रिय छु । गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारको सल्लाहकारदेखि आइसिसी सदस्य हुँदै, मध्यपूर्व संयोजक, सचिव हुँदै अहिले उपाध्यक्षको रूपमा एनआरएनएमा काम गरेको छु । अब जाने भनेको अध्यक्षमा हो । मैले हतार गरेर अध्यक्षको उम्मेदवारी दिएको होइन ।

> *मेरा मुद्दा खाडी तथा मलेसियामा बस्ने नेपालीको मात्र होइन, विदेशमा बस्ने सबै नेपालीका मुद्दा हुन् । हामीहरु सबैको उद्देश्य नेपाललाई समृद्ध बनाएर विदेशबाट फर्कने हो । यो उद्देश्य विश्वभर बस्ने सबै नेपालीको हो । यसको लागि मैले सानो रकमलाई बचत गरेर सामूहिक लगानी प्राधिकरण सञ्चालन गर्ने योजना बनाएको छु ।*

एनआरएनए स्थापनाको भएको २० वर्ष पुरा भएको छ । अहिलेसम्म मध्यपूर्वबाट नेतृत्वमा कोही पनि पुगेको छैन । मध्यपूर्व जहाँ सबैभन्दा बढी नेपालीहरू बस्छन् । नेपालको अर्थतन्त्र चलाउन सबैभन्दा बढी विप्रेषण जाने भनेको मध्यपूर्व, मलेसिया र कोरियाबाट हो । गैर आवासीय अभियानलाई विदेशमा बस्ने सबै नेपालीको बनाउनको लागि पनि मलाई सबै अग्रजहरूले सहजरूपमा नेतृत्वको लागि सहयोग गर्नुहुनेछ भन्नेमा विश्वस्त छु ।

गैर आवासीय नेपाली संघ(एनआरएनए) नेपाल बाहिर बस्ने सबै नेपालीहरूको आस्थाको धरोहर हो । अग्रज अभियन्ताहरूले पनि विगतमा अभियानको नेतृत्व मध्यपूर्वलाई दिनुपर्छ भनेर बारम्बार भन्दै आउनु भएको छ । सन् २०१७/१९ आदरणीय टिबी कार्कीले पनि नेतृत्वको लागि प्रयास गरे पनि सफल हुन सकेन । अब भने यो बचन अग्रज अभियन्ता, एनआरएनए प्रेमी तथा सम्पूर्ण प्रवासी नेपालीहरू साथै पूर्व अध्यक्ष ज्यूहरूले पुरा गर्नुहुन्छ भन्नेमा विश्वस्त छु ।

**मध्यपूर्वको प्रतिनिधि बनेर एनआरएनएको अध्यक्षमा उठ्छु भन्नु भएको छ । संसारका अरू देशलाई कसरी समेट्नु हुन्छ ?**

नेपालबाट बाहिरिनु परेको पीडा हामी सबैको एउटै हो । चाहे मध्यपूर्वमा श्रम गर्न आएको नेपाली होस् या युरोप, अमेरिका तथा अस्ट्रेलियामा पुगेका नेपाली हुन् वा विश्वका १०० भन्दा बढी देशमा पुगेका नेपाली आफ्नो उज्ज्वल भविष्य तथा उच्च अवसरको खोजीमा बाहिरिएको हो । मैले एनआरएनएभित्र ५० डिग्रीमा काम गर्ने नेपालीदेखि लिएर प्रतिष्ठित विश्वविद्यालयमा अध्ययन तथा अध्यापन गर्नेसम्मलाई जोडेर हिँड्ने लक्ष्य लिएको छु । मेरा मुद्दा खाडी तथा मलेसियामा बस्ने नेपालीको मात्र होइन, विदेशमा बस्ने सबै नेपालीका मुद्दा हुन् । हामीहरू सबैको उद्देश्य नेपाललाई समृद्ध बनाएर विदेशबाट फर्कने हो । यो उद्देश्य विश्वभर बस्ने सबै नेपालीको हो । यसको लागि मैले सानो रकमलाई बचत गरेर सामूहिक लगानी प्राधिकरण सञ्चालन गर्ने योजना बनाएको छु ।

अहिले विमानस्थलमा विदेश जानेको लर्को देखिन्छ । अब अर्थतन्त्रको लागि रामवाण भनिएको विप्रेषण १५ वर्षको लागि मात्र हो । त्यसको लागि हामीहरूले अहिलेदेखि नै तयारी गरेर नेपाललाई आत्मनिर्भर बनाउनुपर्ने छ ।

**मध्यपूर्वको नेतृत्व युरोप र अमेरिका र अस्ट्रेलिया रिजनमा बस्नेले सहजै स्वीकार गर्छन् ?**

गैर आवासीय नेपाली अभियानअन्तर्गत पहिलो एनसीसी रसियामा खुलेपछि दोस्रो कतारमा खुलेको हो । यसले अभियानको स्थापनादेखि मध्यपूर्वको महत्वपूर्ण भूमिका रहेको देखिन्छ । एनआरएनएको अध्यक्ष पदमा उठ्ने भनेपछि मैले विश्वभरमा बस्नु भएका नेपालीहरूसँग भेट्नको लागि गएको छु । अस्ट्रेलियामा बस्ने नेपाली हुन् या युरोपमा सबैजनाले मलाई सकारात्मक सुझाव दिनु भएको छ । सबैले यसपटक तपाईं आउनुपर्छ, हाम्रो सहयोग हुन्छ भन्नुभएको छ ।

मैले अगाडि पनि भने विदेशमा बस्ने सबै नेपालीको एजेन्डा लिएर म निर्वाचनमा होमिएको हो । यो सामाजिक संस्था हो । हामीहरूले यसमा दिनको लागि जाने हो । व्यक्तिगतरूपमा विदेशमा बस्ने केही नेपाली धनी भए होलान्, मेरो उद्देश्य काम गर्ने तथा श्रम गर्ने लाखौं तथा नेपालीहरूलाई समृद्ध बनाउन लाग्ने हो । मलाई सबैजनाको सहयोग हुनेछ भन्ने विश्वास छ ।

युरोप, अमेरिका तथा अस्ट्रेलियामा बस्ने नेपालीहरूको नागरिकताको मुद्दा सम्बोधन भएको छ । यसलाई सफल र र सहजरूपमा कार्यान्वयन गराउनु मेरो पहिलो काम र कर्तव्य हो । वंशजको नागरिकता निरन्तरताको लागि मेरो जहिले पनि समर्थन छ । यसबाहेक गोर्खाजका इस्यु हुन् वा विश्वयुद्धको क्रममा नेपाल छाडेर गएका परिवार हुन्, उनीहरुका सदस्यलाई जोड्ने काम गर्नुपर्नेछ ।

**अन्तिममा, विश्व सम्मेलनको तयारी भइरहँदा आमगैर आवासीय नेपाली र आमनेपालीप्रति तपाईंको केही भनाइ छ ?**

विषयवस्तु परिस्थिति, राजनीतिक, भूगोल र परिधिभन्दा माथि उठेर यसपालिको नेतृत्वको लागि अगाडि बढेको छु । यसमा विश्वभरका नेपालीहरूकोसाथ सहयोग हुन्छ भन्नेमा विश्वस्त छु । केही दिनभित्रै औपचारिक कार्यक्रम गरेर उम्मेदवारी घोषणा गर्नेछु । त्यसमा मैले आफ्नो कार्ययोजनासहितको बाचा पत्र सार्वजनिक गर्नेछु ।

## सामाजिक सञ्जाल



**- कृष्ण घिमिरे**

समस्तमा प्रस्तावित शिक्षा ऐनले शिक्षालाई डामाडोल गर्ने देखियो । सार्वजनिक स्कूलको स्तरीकरण, पठन पाठन र शैक्षिक व्यवस्थापन चुस्त दुरुस्त बनाउने लक्षण देखिएन । निजी शिक्षा र शिक्षाको माफियाकरण झन मजबुत हुने देखियो । शिक्षामन्त्रीकै निजी विद्यालय छ, अनि कसरी निजी विद्यालयविरुद्ध जान सक्छन् । बिडम्बना !



**- अर्चना थापा**

तस्करीको सुन विमानस्थल भन्सारका कर्मचारी र भन्सार एजेन्टकै सहयोगमा गिरोहले गन्तव्यसम्म पुऱ्याएको प्रहरी अनुसन्धानबाट खुलेको होला र प्रमाण पनि पक्कै छन् होला ! तर ती पूर्वसभामुख र पूर्वमन्त्रीको तस्करीमा लागेका परिवारलाई समात्ने कसरी भन्ने मुख्य प्रश्न ?



**- विश्वरसिंह मेवाहाङ**

जनआन्दोलनमार्फत फालिएको राजतन्त्र जनआन्दोलनमार्फत नै फिर्ता हुन्छ भने हामी कसैको टाउको दुख्नु हुन्न । तर, दुई/चार जनाको रहरले भने शासन व्यवस्था परिवर्तन हुँदैन । गणतन्त्र खारेज हुनु र नहुनुमा गणतन्त्रकै नेताहरुको व्यवहारमा भरपर्छ ।



**- निर्मल प्रसाइँ**

कति ताजुबको कुरा, गरीब र निमुखाको छोराछोरी बाध्यतावश पेट पाल्न अरब गएका छन्, तर कयौंपटक निर्वाचित जनप्रतिनिधिका छोराछोरी समेत विदेशमा छन् । भूइँ मानिसलाई नेतृत्वप्रति भरोसा थिएन, आफ्नै सन्तानलाई समेत भरोसा दिन सकेका रहेनछन् । अलि अलि छन्, सुन तस्करीको धन्धामा छन् ।

# कुसे औंसीको महत्व

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

आज भाद्र २९ गते पनि औंसी केही बाँकी नै रहेको छ, यद्यपि कुसे औंसी हिजो मनाइयो । गोकर्णमा हिजो तिलको दाना राख्ने ठाउँ भएन, भक्त तथा तीर्थालुहरुको भिडले । राज्यले जे भनोस् आम नेपालीमा धर्म र संस्कृतिप्रति जनउभार आएको छ । तर्पण, श्राद्ध, जल दान, पिण्ड दान, मृत पितृहरुको सम्झनामा देखिएको अपार भीडलाई प्रत्यक्ष नियालिरहँदा यससम्बन्धी आलेख तयार नगरिरहन सकिएन । मातृ देवो भव, पितृ देवो भव, अतिथि देवो भव भन्ने हाम्रो संस्कृति हो । सदैव सुकर्मको, सत्कर्मको शिक्षा दिने जन्मदाता पिताको विशेष स्मरण गर्ने दिन यसपालि यही भाद्र २८ गते बृहस्पतिबार परेको हो, यसै दिनलाई कुसे औंसी पनि भनियो । हामी पूर्वीय संस्कारमा हुर्केका नेपालीहरु पिता अर्थात् जन्म दिने बाबु देवता सरह नै हो भन्छौं, शास्त्रले त्यही बताएको छ । बाँचुन्जेल पिताको सदैव सम्मान र मरेपछि काज किरिया, तिनको पिण्ड पानी, उद्धार हाम्रो कर्तव्य नै हो ।

पूर्वीय धर्म, दर्शनअनुसार मानिसले जन्मदै तीन ऋण लिएर जन्मेको हुन्छ । पितृ ऋण, देव ऋण र ऋषि ऋण । पितृ ऋण चुकाउने केही पर्वहरु छन् त्यसमध्ये पर्छ कुसे औंसी, भाद्र कृष्ण पक्षको औंसी । कुसे औंसीलाई पिताको विशेष सम्मान र स्मरण गर्ने दिन हो । पितृ देवो भव भन्ने हाम्रो संस्कृतिले पितालाई देवताको रूपमा लिएको छ । जन्मदिने आमा हुन्, कर्म बाटो देखाउने बुबा र शिक्षा दीक्षा दिने गुरु यी सबैको स्थान उच्च छ । पिताको आज्ञा पालना गर्नेले कुनै तीर्थ गरिरहनु पर्दैन भनी शास्त्रहरुले किटान गरेका छन् । त्यसैले पिता आफैँमा एक महत्वपूर्ण तीर्थ पनि हुन् । पुन्नामनरकात् त्रायते इति पुत्रः भनिएको छ । शास्त्रमा भनौं 'पुँ' नामक नरकबाट उद्धार गर्ने हुनाले छोरोलाई पुत्र भनिएको हो, लालन पालन गरेर वा पिण्ड पानी दिएर या मृत्युपछि बाबा आमालाई सागरसम्म लग्दा आफ्नै काँधमा बोकेरआमा बाबुको शवलाई बोकेर घाटसम्म लग्दा प्रत्येक पाइलामा एक अश्वमेध यज्ञ बराबरको फल पाइने कुरा पनि शास्त्रमा वर्णित छ । छोराछारीले दिएका जल, तर्पण पिएर मरेका पितृ सन्तोष रहन्छन् ।

आद्य गुरु शंकराचार्यको कथन छ- कुपुत्रो जायेत क्वचिदपि कुमाता नभवति अर्थात् वंशमा सन्तान खराब आउन सक्छन् तर, कुपिता वा कुमाता कहिल्यै हुन्नन् । माया र पानी तलतिर बग्छ, माथितिर फर्काउन थप ऊर्जा खर्चिनु पर्छ भनेझैं हिजोआज माता पिताप्रतिको स्नेह कम भएको आभास हुँदैछ । सन्ततिले संसार जित्न सक्दैनन्, तर पिता मातालाई सजिलै जित्न सक्छन्, समयको खेल फरक छ स्नेह र मायाका खानी पिता माता बरु आफू हारेर सन्ततिको विजय हेर्न मन पराउँछन् र त घरजग्गा बेचेर विदेश पठाइरहेका छन्, गरिखालान् तिनले प्रगति गर्लान् भनेर ।

पिताको स्थान हरेक दिन नै उच्च रहन्छ । तथापि विशेष दिनको रूपमा कुसे औंसीलाई बाबुको मुख हेर्ने भन्ने हाम्रो चलन छ । जीवित बाबुलाई उनलाई मनपरेको खाना, वस्त्र, उपहार दिएर खुशी पारी आशीर्वाद लिने गरिन्छ भने मरेका बाबुका नाममा तीर्थ गएर स्नान, दान, तर्पण, पिण्ड आदि श्राद्ध गरेमा बाबुका नाममा तीर्थ गएर, स्नान दान गरेर, तर्पण, पिण्ड आदि श्राद्ध गरेर पितृहरुबाट आध्यात्मिक स्नेह, आशीर्वाद लिने चलन छ । काठमाडौंको पूर्वोत्तर गोकर्ण क्षेत्रमा यस दिन मरेका पिताको दर्शन पाइन्छ भन्ने मान्यता छ । यहाँ यस दिन स्नान, दान गर्ने श्राद्ध, पिण्डदान दिने, तर्पण, सिदा दान गर्नाले पितृहरुले परम गति प्राप्त गर्छन् भनी धर्म शास्त्रहरु उल्लेख छ । यसदिन तीर्थयात्रुहरुको यहाँ ठूलै भीड लाग्ने गर्छ । यहाँ जान नसक्नेहरुले आफ्ना पिताको नाममा घरमा, घाटमा नजिकको तीर्थ क्षेत्र, गौशाला, सार्वजनिक स्थल, उद्यान आदि क्षेत्रमा बसेर श्राद्ध आदि कार्य गर्ने गराउने चलन छ ।

उहिले धेरै पहिले बाबु छोराको कटाक्ष भएछ र बाबुको मृत्युपछि शोकमा रहेको छोरो गोकर्णमा जाँदा मरेका आफ्ना बाबुलाई त्यहाँ भेटेको र बाबुलाई स्मरण गर्ने दिनको रूपमा लिइने गरिएको परम्पराले आजसम्म पनि गोकर्ण क्षेत्रले निरन्तरता पाएकै छ । हामीकहाँ धेरै तीर्थ क्षेत्रहरु छन्, सबैतिर एकैपल्ट पुग्न सम्भव देखिन्न । गोकर्णमा विष्णुपादुका वा वाग्मती किनारामा बसी श्राद्ध पिण्डदान गर्ने गरिन्छ । गोकर्णभन्दा अलि पर पूर्वपट्टि उत्तरगया क्षेत्र छ, बागमती उत्तरतिर बगेको त्यो क्षेत्र पिण्डदानको लागि अझ महत्वपूर्ण स्थान रहेको छ । भनिन्छ, गोकर्ण श्राद्धपछि मात्रै अन्यत्रका तीर्थ श्राद्धका बाटाहरु खुल्ने गर्छन् ।

त्यसो त हाम्रा धेरै अन्य क्षेत्रहरु पनि छन् । रसुवाको गोसाईंकुण्ड क्षेत्र, रसुवाकै बेत्रावती, नुवाकोटको त्रिशूली, सुनसरीको विष्णुपादुका बाराह क्षेत्र, पिण्डेश्वर आदि, जहाँसम्म पुग्नाले मात्रै पनि देव, पितृहरु प्रसन्न रहन्छन् । मानसिक यात्राले पनि मन शुद्धि हुन्छ, आध्यात्मिक शान्ति प्राप्त हुन्छ, नविन ऊर्जा प्राप्त हुन्छ र यस्ता कार्यहरुबाट पितृ ऋणहरु चुक्ता हुँदै जान्छन् पनि ।

पितृ औंसीको अर्को महत्वपूर्ण पक्ष हो कुस ग्रहण ! कुसको स्पर्श, दर्शन आदि । यसैदिन घरघरमा नयाँ कुस राख्नाले पितृहरु प्रसन्न रहन्छन् । कुस एउटा असल वनस्पति हो, शास्त्रमा उल्लेख भएअनुसार यसका वरिपरि ब्रह्मा, विष्णु र महेश तीन देवताले बास गर्ने गर्छन् । कुस अति नै चोखो वनस्पति हो । यो तुलसीझैं महत्वपूर्ण छ । कुनै पनि कार्यमा कुस आवश्यकता पर्छ । जन्मदेखि मृत्यु सबै संस्कारमा कुस नभई हुँदैन । गाई, गीता, गायत्रीझैं कुसको उच्च स्थान रहेको छ । तिल कुस र जौ कुनै पनि कार्य गर्नुअघि प्रतिज्ञा संकल्प पनि आवश्यक हुन्छ । पितृकार्यमा कुस अनिवार्य नै छ । असल गुरु पुरोहितहरुबाट कुसलिने कार्य यसै दिन गरिन्छ । भाद्रकृष्ण औंसीलाई कुशच्छेदनको औंसी भनिए पनि त्रयोदशीदेखि नै कुशच्छेदन कार्य गरिने चलनछ र एकाबिहानैदेखि ब्राह्मणहरुले यजमानहरुको घरघरमा कुस पुऱ्याउने काम गर्ने गर्छन् ।

कुश ग्रहण गर्ने मन्त्र यस प्रकार छ । विरिन्चिनां सहोत्पन्नः परमेष्ठी निसर्गतः । नुद सर्वाणि पापानि दर्भ स्वस्ति करो भव । अर्थात् ब्रह्माजीसँगै उत्पन्न भएको वनस्पति कुशले मेरा सबै पाप पखालिदेऊ र सबैको कल्याण गर भन्दै पूर्वोत्तर फर्केर कुश ग्रहण गर्नुपर्छ । विवाहित छोरीबेटीहरुका लागि कुसे औंसी झन् बढी महत्वपूर्णको दिन हुन्छ । आँसु बगाउँदै बाबुले कन्यादान दिई विवाहपछि छोरीलाई अर्काको घर पठाउने गर्छन् र छोरीहरुले तिनै आँसुको ऋण तिर्न स्नेहको साँवा, व्याज उपहार लिएर कुसे औंसीमा माइती आउने गर्छन् । हिजो आजको संस्कार संस्कृति केही फरक हुने गरेको छ । अन्यथा, यसदिन बाबुले आफ्ना सन्ततिबाट धेरै प्यारको आकांक्षा गरेको हुन्छ । टाढा रहेका छोरा छोरीहरु विदेशिएका सन्ततिहरुले अघिपछि स्नेह, प्यार दिन नसके पनि पितृ सम्मान गर्ने दिन कुसे औंसीका दिन वर्षभरिको मानसम्मान दिन सकून, यही प्रेरणा रहोस् सबैलाई ।

के छोरा के छोरी सबै बराबरी भन्ने मान्यताअनुरूप र सन्तति स्नेहको सदाबहार, बाबुप्रति श्रद्धा अर्पण गर्ने चाड कुसेऔंसी पर्वले सबैको, सबैप्रतिको सम्मान रहोस् । खासगरी तीजको उल्लास यसैबेलादेखि आरम्भ हुन्छ, जब माइतीमा बाबुलाई भेटिन्छ । दाजु भाइहरुले प्यारका साथ दिदी, बहिनीहरुलाई तीजको निम्तो दिन्छन्, दर खान आउनू भन्दै, शिव पार्वतीको प्रसङ्ग हरितालिका व्रत बस्नू भन्दै, अरुन्धतीसहित सप्तर्षिहरुको पूजा ऋषि पन्चमीको कथा सुन्नू भन्दै । पारिवारिक मिलनको चाड पनि हो यो । आज सूर्योदय १ घडी २२ पला औंसी रहेकोले कुस स्पर्श एवम् सिधादान बा हिजो छुटेकाले पिताप्रतिको स्नेह आज पनि दर्शाउन सकिने छ ।

## तपाईंको राशिफल

मेष : महत्वपूर्ण भेटघाट हुनेछ । नयाँ काम बन्नेछ ।

वृष : बाहिरी सम्बन्ध राम्रो रहन्छ । अर्कामाथि भरोसा नगर्नु होला ।

मिथुन : अनावश्यक खर्च हुनेछ । व्यर्थको यात्रा र परेशानीको योग छ ।

कर्कट : राजनीतिक कार्य सफल हुनेछ । जग्गा खरीद हुने योग छ ।

सिंह : स्वास्थ्य राम्रो रहनेछ । तर, सम्बन्धहरुमा विवाद आउने योग छ ।

कन्या : विदेश यात्रा तथा रोजगार प्राप्तिको योग छ ।

तुला : पारिवारिक कार्य सफल हुनेछ । अनावश्यक जिम्मेवारी लिनु हुँदैन ।

वृश्चिक : पराक्रममा वृद्धिको योग छ । आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ ।

धनु : जीवनसाथीको सहयोग प्राप्त हुनेछ । आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ ।

मकर : विरोधी सक्रिय रहनेछन् तर, असफल हुनेछन् । समय अनुकुल छ ।

कुम्भ : व्यापारिक प्रगति राम्रो हुनेछ । राजनीतिक कार्य सफल हुनेछ ।

मीन : उन्नतिको मार्ग प्रशस्त हुनेछ । शिक्षासम्बन्धी कार्यमा रुकावट आउनेछ ।




*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

# बाजुरामा स्क्रब टाइफस : चार महिनामा ४० बढी बिरामी भेटिए

**धनकृष्ण विश्वकर्मा/मध्यान्ह**
बाजुरा, २८ भदौ



बाजुरामा स्क्रब टाइफस रोगको संक्रमण फैलिँदै गएको छ । गत जेठ महिनायता रोगको संक्रमण फैलिएको बाजुरा जिल्ला अस्पतालले बताएको छ। बाजुराको बडीमालिका र बुढीनन्दा नगरपालिका क्षेत्रमा रोगको संक्रमण देखिएको अस्पतालमा कार्यरत डाक्टर चेतबहादुर धामीले जानकारी दिए ।

मुसालगायतका प्रजातिमा पाइने सुक्ष्म किरा, सुल्सुले, उपियाँ, जुम्रा, किर्ना आदिको टोकाइबाट सर्ने रोगको संक्रमण बाजुरामा वृद्धि हुँदै गएको हो । उपचारका लागि आउनेमध्ये दैनिक १ देखि २ जनामा स्क्रब टाइफस रोगको संक्रमण देखिने गरेको डाक्टर धामीले बताए ।

स्क्रब टाइफस ओरेन्सिया सुसुगामुस नामको जिवाणुले गर्दा लाग्ने गर्छ। स्क्रब टाइफसको संक्रमण हुँदा १०५ डिग्री फरेनहाइटसम्म ज्वरो आउने, सास फेर्न गाह्रो हुने, शरीर बाँउडिने, खोकी लाग्नेजस्ता लक्षण देखिने गरेको बाजुरा जिल्ला अस्पतालका प्रमुख डाक्टर समिता पुनले जानकारी दिइन् । उनका अनुसार अधिकांशमा बान्ता हुने, पेट दुख्ने पखला लाग्ने, जिउ दुख्ने, जोर्नी र मांशपेशीमा पीडा हुने, गर्दन, नितम्ब र पाखुरामा गाँठो देखिने, रगतमा प्लेटलेट्सको संख्या घटदै जाने, छाती, पाखुरा, हात, खुट्टामा गुलावी बिमीरा देखिनेजस्ता लक्षण देखिने गरेको छ।

बाजुरामा चार महिनाको अवधिमा ४० बढीमा संक्रमण देखिएको छ। समयमै उपचार नपाएमा ज्यानसमेत जाने जोखिम हुने स्वास्थ्यकर्मीहरु बताउँछन् । केही वर्ष पहिला कमै देखिने स्क्रब टाइफस पछिल्लो समय फैलिँदै गएको चिकित्सकको भनाइ छ।

स्क्रब टाइफस पहिलो पटक सन् १९३० मा जापानमा पहिचान गरिएको रोग हो । यसको समयमै उपचार हुन नसके दीर्घकालसम्म सुन्ने क्षमता गुम्ने, रक्तचाप कम हुँदै जाने, मिर्गौलाले काम गर्न छाड्ने, शरीरको प्रतीरक्षात्मक क्षमता कमजोर हुँदा सामान्य जिवाणुले पनि सजिलै संक्रमण गर्ने जस्ता जटिलताहरु देखा पर्ने जोखिम हुन्छ।

स्क्रब टाइफस संक्रमण सबै उमेर समूहका मानिसलाई सर्ने चिकित्सकहरु बताउँछन्। हालसम्म यस जिवाणुको विरुद्धमा दिइने लाइसेन्सेड भ्याक्सिन बनेको छैन। तर संक्रमण भएपछि डक्सिसाइक्लिन (१०० एमजी) दिनको दुई पटक, टेट्रासाइक्लिन जस्ता एन्टिबायोटिकको मद्दत लिनुपर्ने र चिकित्सकको सल्लाहमा उपचार गर्नुपर्ने सुझाव स्वास्थ्यकर्मीको छ ।

यो जिवाणुबाट बच्नका लागि सुक्ष्मकिरा, सुल्सुले, उपियाँ, जुम्रा आदिबाट टाढा बस्ने, बिरामीको सुरक्षित ढंगले हेरचाह गर्ने, बिरामीको सामानहरु जथाभावी नराख्ने र प्रयोग नगर्ने तथा सरसफाइमा राम्रो ध्यान दिन स्वास्थ्यकर्मीको सुझाव छ ।

# न्यायिक प्रक्रियामा नवलपरासीमै कमजोर पाल्हीनन्दन गाउँपालिका




**विनोद निगम/मध्यान्ह**
नवलपरासी, २८ भदौ

जनताले आश र भरोसा गर्ने स्थानीय निकायको न्यायिक प्रक्रियामा पश्चिम नवलपरासीको पाल्हीनन्दन गाउँपालिका जिल्लामै कमजोर देखिएको छ। आर्थिक वर्ष २०७९/०८० मा पाल्हिनन्दन गाउँपालिकाको न्यायिक शाखामा दर्ता भएको कुल ६८ वटा मुद्दामध्ये जम्मा १९ वटा मुद्दा निरुपण भएको छ। त्यसमध्ये दफा ४७ को उपदफा १ मा भएको २३ वटा मुद्दामध्ये जम्मा ८ वटा निरुपण भएको र १५ वटा बाँकी रहेको छ। यस्तै दफा ४७ को उपदफा २ मा दर्ता भएको ४५ वटा मुद्दामध्ये जम्मा ११ वटा निरुपण गरिएको र ३४ वटा बाँकी रहेको न्यायिक शाखाका कर्मचारी डब्लु यादवले बताए ।

त्यस्तै जिल्लाको बर्दघाट नगरपालिकामा गत आर्थिक वर्षमा १३० वटा मुद्दा दर्ता भएका थिए। जसमध्ये ९० वटा मुद्दा निरुपण भएको, ९ वटा मुद्दा अदालत पठाइएको र ३१ बाँकी रहेको बर्दघाट नगरपालिकाका न्यायिक समिति संयोजक रुदप्रकाश उपाध्यायले जानकारी गराए। त्यस्तै जिल्लाको सरावल गाँउपालिकामा गत आर्थिक वर्षमा १४० वटा मुद्दा दर्ता भएका थिए। जसमध्ये ४५ वटा मुद्दा निरुपण भएको, १८ वटा मुद्दा अदालत पठाइएको, ५ वटा फाइल बन्द गरिएको र ७२ वटा प्रक्रियामा रहेको सरावल गाउँपालिकाकी न्यायिक समिति संयोजक वासमती हरिजनले जानकारी गराइन् ।

त्यस्तै जिल्लाको सुस्ता गाँउपालिकामा गत आर्थिक वर्षमा ४२ वटा मुद्दा दर्ता भएका थिए। जसमध्ये २४ वटा मुद्दा निरुपण भएको, ५ वटा मुद्दा अदालत पठाइएको, ३ वटा फाइल बन्द गरिएको र १० वटा प्रक्रियामा रहेको सुस्ता गाउँपालिकाका न्यायिक शाखाकी कर्मचारी रेशमा जोशीले जानकारी गराइन् ।

त्यस्तै जिल्लाको प्रतापपुर गाँउपालिकामा गत आर्थिक वर्षमा २२५ वटा मुद्दा दर्ता भएका थिए। जसमध्ये १८७ वटा मुद्दा निरुपण भएको र ३८ वटा प्रक्रियामा रहेको गाउँपालिकाकी न्यायिक समिति संयोजक मान कुमारी चौधरीले जानकारी गराइन्। त्यस्तै जिल्लाको रामग्राम नगरपालिकामा गत आर्थिक वर्षमा ५१ वटा मुद्दा दर्ता भएका थिए। जसमध्ये ४५ वटा मुद्दा निरुपण भएको र ६ वटा प्रक्रियामा रहेको नगरपालिकाका न्यायिक शाखाका कर्मचारी राम जीले जानकारी गराए ।

त्यस्तै जिल्लाको सुनवल नगरपालिकामा गत आर्थिक वर्षमा ५७ वटा मुद्दा दर्ता भएका थिए। जसमध्ये ४९ वटा मुद्दा निरुपण भएको, २ वटा फाइल बन्द गरिएको र ६ वटा प्रक्रियामा रहेको सुनवल नगरपालिकाका न्यायिक शाखाका कर्मचारी बन्दुराज पौडेलले जानकारी गराए। नवलपरासी जिल्लामा जग्गासम्बन्धी, लेनदेन, घरायसी, केरा व्यापारीको आपसी लेनदेनका मुद्दा बढी रहेको पाइएको छ।

# पत्रकार यादवमाथि चक्कु प्रहार



**रामएकवाल राम/मध्यान्ह**
लहान, २८ भदौ

सिरहामा एक पत्रकारमाथि चक्कु प्रहार भएको छ। बिहीबार बिहान करिब १० बजे जिल्लाको औरही गाँउपालिका वडा-५ औरहीमा टुडेखोज मिडिया प्रा.लि.का अध्यक्ष तथा टुडेखोज राष्ट्रिय दैनिक पत्रिकाका प्रधान सम्पादक सन्तोष यादवमाथि चक्कु प्रहार भएको हो ।

स्थानीय नवलकिशोर यादवसँग विकास निर्माणको कामलाई लिएर सामाजिक सञ्जालमा उत्पन्न भएको विवादको क्रममा सो घटना भएको हो । नवलकिशोरका भतिजले पत्रकार यादवमाथि चिया खाँदै गर्दा चिया पसलमै चक्कु प्रहार गरेका हुन् । चक्कुले यादवको कानको छेउमा लागेको टुडे खोजका सहसम्पादक जयनाथ यादवले बताए ।

घटनामा संलग्नलाई नियन्त्रणमा लिइसकेको प्रहरी चौकी औरहीका इन्चार्ज प्रहरी नायव निरीक्षक धर्मेन्द्र चौधरीले जानकारी दिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAUDI ARCHIRODON COMPANY LIMITED — शहर : Jeddah
पुर्व स्वीकृत मितिः २०८०/०४/२४ — चलानी नं.: ६०२०५९४४ — L.T. No.: 290736 — पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Crane Operator | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,५७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Excavator Operatot | 1 | 0 | | 1800 | ६३,५७६ | | | | | | | |
| 3. | Forklift Driver | 1 | 0 | | 1800 | ६३,५७६ | | | | | | | |
| 4. | Heavy Equipment Driver | 9 | 0 | | 1800 | ६३,५७६ | | | | | | | |
| 5. | Heavy Truck Driver | 15 | 0 | | 1800 | ६३,५७६ | | | | | | | |

नोटः यसै कम्पनीको लागि Wheel Loader Operator ( Bucket And Fork Type) Excavator ( Wheel And Track) को पनि माग भई आएकाले निःशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ५ गते (22 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

ASIAPOWER
Govt Lic No. 1198/073/074
**Asiapower Recruitment Consultants Pvt. Ltd.**
P.O.Box: 24384, Sukedhara, Kathmandu, Nepal
Tel : 4016618, 4016797, Mob.: 9851065493, 9823570388
E-mail : asiapowerjobnepal@gmail.com



## साउदीमा रोजगार

कम्पनी: ZAM AL RAYISIA COMPANY FOR GENERAL CONTRACTING — शहर: Saudi
पूर्व स्वीकृत मितिः २०७९/१२/०६ — चलानी नं.: ६०१९८४८२ — LT. No.: 282973 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३४,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## कतारमा रोजगार

कम्पनी: GREY SPECIALITY COFFEE — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०८०/०५/२८ — चलानी नं.: ६०२०७७२४ — LT. No.: 292587

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Cook | 0 | 1 | स. काममा दक्ष | 1500 | ५४,४९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: BETCHEL TRADING AND CONTRACTING — शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०६/२५ — चलानी नं.: ६०१६५३५८ — LT. No.: 247647 — पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Mason | 2 | 0 | स. काममा दक्ष | 1200 | ४२,३८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ५ गते (22 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LINK INTERNATIONAL PLACEMENT SERVICE
Govt. Lic. No.: 821/066/067
**LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.**
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

BRANCH OFFICE'S:
Pokhara : 061590071 | 590070 | 9856036098 | 9825519206, Chitwan : 056-595592 | 9802909595, Butwal : 071-533111 | 9857077841, Birtamod : 023-532754 | 9807981913, Janakpur: 9807806454 | 9851128051



## Kuwait मा School Teacher हरुलाई रोजगार

Company : Allemny Group — पूर्व स्वीकृती मितिः २०८०/०५/१९ — चलानी नं. ६०२०७२५७ — LT No.: 292052

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Teacher | 0 | 15 | काममा दक्ष | 230 | ९८,८३७।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Cleaner | 0 | 15 | | 100 | ४२,९७२।- | | | | | | | |

Note: Bachelor Degree गरेका Teacher हरुले सम्पर्क गर्नुहोला । प्रि-अन्तरवार्ता धमाधम भईरहेको छ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | रु. १०,०००/- |

अन्तरवार्ता २०८० असोज ५ गते (22 Sept. 2023) यस प्रा. लि. कार्यालय बालुवाटार, काठमाडौंमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला। २) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस्। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा वैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला।

RISING RECRUITMENT
**राईजिङ्ग रिक्रुटमेण्ट प्रा. लि.**
श्रम इजाजत नं.: ८७८/०६७/०६८
बालुवाटार, काठमाडौं, फोन नं. : ४४३६५९७, ४४२०५८७, ९८६०६६८४४२
९८५१००४०१८, ९८५१११९४९३ E-mail : info@rising.com.np, mkt@rising.com.np



## बहराइनमा रोजगार

कम्पनी: QUICK ZEBRA SERVICES (Q Z S) — शहर: BAHRAIN
पूर्व स्वीकृत मितिः२०८०/०५/२८ — चलानी नं.: ६०२०७७३५ — LT. No.: 292601

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 25 | 50 | स. काममा दक्ष | 100 | ३५,१४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज ५ गते (22 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Nice Recruiting Agency (P.) Ltd.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
**Nice Recruiting Agency Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Tel No:014957256 , Mob: 99849329081, 9810147957,9841673504
| Website www.nicemanpower.com
E-mail: nicemanpower11@gmail.com, documentation.nice1062@gmail.com



## Shivasatakshi Municipality
## Office Of The Municipal Executive
### Koshi Province, Jhapa

**Invitation for online Bids**

**Date of Publication : 2080/05/29 (15-Sep-2023)**

1. Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|
| 01/SM/NCB /Goods/2080/081 | Supply and Delivery of Stationary Goods | Nrs 3000.00 | 90 Days After Bid opening | Nrs 95,000.00 | 30 Days beyond the Validity of Bid | 16-Oct-2023 12: 00 Hours | 16-Oct-2023 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

**Name of the Bank:** Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
**Name of Office:** Shivasatakshi Municipality
**Office Account no.:** 29601400000017

2. If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. 29601400000048 on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.
3. A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality ,Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२९ भदौ २०८०, शुक्रबार
15 September 2023, Friday

# बालबालिकाको सहयोगका लागि इन्ट्रापेडको 'ब्लु ड्रागन म्याराथन वाक'



**काठमाडौं/मस–** इन्ट्रापेड डीएमसी नेपालले 'ब्लु ड्रागन म्याराथन वाक' आयोजना गरेको छ । इन्ट्रापेडले भियतनामका जोखिममा परेका बालबालिका र मानव बेचबिखनबाट पीडितहरूलाई सहयोग गर्नका लागि कोष जुटाउन काठमाडौंमा २१ किलोमिटर म्याराथनको आयोजना गरेको हो ।

लाजिम्पाटस्थित इन्ट्रापेड डीएमसी नेपालको कार्यालयबाट शुरु भएको म्याराथन वाक महाराजगञ्ज, हात्तिगौंडा, इटालीटार, चुनिखेल, जगडोल, कपन, सुकेधारा, धुम्बाराही हुँदै लाजिम्पाट नै आएर टुंगिएको थियो । म्याराथन वाकमा ३० जनाले सहभागिता जनाएको इन्ट्रापेडले जनाएको छ ।

म्याराथन वाकबाट १ लाख १० हजार ९ सय ९ रुपैयाँ संकलन भएको इन्ट्रपेडले जनाएको छ । इन्ट्रापेड डीएमसीले नेपालमा म्याराथन आयोजना गरेको यो दोस्रो वर्ष हो ।

इन्ट्रापेड डीएमसी नेपालका जेनेरल म्यानेजर आशिष वर्माले काठमाडौंभित्र २१ किलोमिटर पैदल हिंडेर १ लाख रुपैयाँ उठाउने लक्ष्य राखिएको र १ लाख १० हजार ९ सय १९ रुपैयाँ जुटाउन सफल भएको जानकारी दिए ।

यस्तै उनले इन्ट्रापेड फाउण्डेसनले विश्वभरका कार्यक्रमबाट २ लाख ८० हजार डलर संकलन गर्ने लक्ष्य रहेको र २ लाख ५० हजार डलरभन्दा बढी संकलन भइसकेको बताए। सबै आय ब्लु ड्रागन चिल्ड्रेन्स फाउण्डेशनमा जाने उनले जानकारी दिए ।

बालबालिकालाई सहयोग गर्न इन्ट्रापेडले भितनामको ब्लु ड्रागन फाउण्डेसनमार्फत विश्वभर कार्यक्रम गर्दै आइरहेको छ । इन्ट्रापेडको मुख्यालय अष्ट्रेलियामा रहेको छ भने नेपाल, सिंगापुर, अमेरिका, भियतनामलगायतका थुप्रै देशमा कार्यालय रहेको छ ।

# स्याउले बजार नपाउँदा चिन्तामा हुम्लाका किसान



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २८ भदौ

हुम्लामा उत्पादन हुँदै आएको स्याउको बजार माग घटेपछि किसानहरु चिन्तामा परेका छन् । हिमाली जिल्ला मध्यकै स्याउ उत्पादन राम्रो हुने जिल्ला हुम्ला परेपनि स्याउले बजार नपाउँदा किसानहरु चिन्तामा परेका हुन् । जिल्लामा स्याउ उत्पादन गरेर बजार नपाउँदा कुहिएर जान थालेको सिकनेट ७ का किसान कलबहादुर शाहीले बताए ।

शाहीले स्याउ बिक्रीको लागि बजारसम्म ल्याएपनि सोचेजस्तो मूल्य नपाएको बताए । वार्षिक १५ सयदेखि २ हजार किलो स्याउ उत्पादन भएपनि बजार नपाएपछि उत्पादनमा जाँगर कम हुँदै गएको शाहीले बताए ।

अर्की किसान राधिका रोकायाले अहिले बजारमा स्याउको दाना अनुसार बिक्री गर्ने भएकाले प्रति दाना दस रुपैयाँ पर्ने सिजन भएपनि पाँच रुपैयाँमा बेच्न बाध्य भएको बताइन् ।

रोकायाले सिजनमा मात्र नभएर स्याउको बिसिजनमा पनि बजार नपाएको पीडा किसानहरुले भोग्दै आएको बताइन् । बजारमा स्याउ बिक्री गर्नेको संख्या धेरै र स्याउ किन्ने उपभोक्ताको संख्या कम भएकाले बजार नपाएको देखिन्छ ।

जिल्लामा बर्सेनी स्याउ गोरु,गाई,बाख्रालाई पिडोको रुपमा किसानले खुवाउँदै आएका छन् । जिल्लाका किसान अहिले देखिनै स्याउको पिडो बनाउँदै आएका छन् । उपयुक्त बजार नहुनुको कारणमा राष्ट्रिय सडक सञ्जालमा अहिलेसम्म पनि नजोडिनु पनि रहेको छ। हुम्लामा रेड डेलिसिएर,गोल्डेन, गोल्डेन डेलिसिएर, नास्पती जस्ता जातका स्याउ उत्पादन हुँदै आएका छन् ।

# मोटरसाइकल दुर्घटनामा एक जनाको मृत्यु

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २८ भदौ

सर्लाहीको बागमती नगरपालिकामा दुई वटा मोटरसाइकल एकआपसमा ठोक्किँदा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् ।

बिहीबार बिहान बागमती नगरपालिका वडा नम्बर ८ गाजली चोकस्थित बा ३० प ९४०७ र विपरीत दिशाबाट आएको ना ५९ प ५१७७ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा दुर्घटना भएको थियो । दुर्घटनामा बा ३० प नम्बरको मोटरसाइकल चालक बागमती नगरपालिका–८ शंकरपुरका ५० वर्षीय गणेश कार्की गम्भीर घाइते भएका थिए । उनको हरिवनस्थित सरस्वती हस्पिटलमा उपचारको क्रममा मृत्यु भएको इलाका प्रहरी कार्यालय बरहथवाका डिएसपी लिलाराज लामिछानेले जानकारी दिए ।

अर्को मोटरसाइकलमा सवार हरिवन नगरपालिका–१ का ३२ वर्षीय मुकेश कुमार साह, उनकी श्रीमती २६ वर्षीया शान्ता कुमारी साह र ३ वर्षीया छोरी प्रिया कुमारी साह घाइते भएका छन् ।

डिएसपी लामिछानेका अनुसार घाइते तीन जनामध्ये प्रियाको अवस्था गम्भीर रहेको छ । उनको टाउकोमा चोट लागेको छ । उनीहरुको हरिवनस्थित नमुना अस्पतालमा उपचार भइरहेको छ । मृतक कार्कीको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलंगवा लाने तयारी भइरहेको प्रहरीले जनाएको छ । दुई वटै मोटरसाइकल नियन्त्रणमा राखी घटनाबारे थप अनुसन्धान भइरहेको डिएसपी लामिछानेले बताए ।


## साइप्रसमा रोजगार | कम्पनी: FONTANA LABOUR OFFICE LTD शहर: CYPRUS

पूर्व स्वीकृत मिति: २०८०/०५/२७ चलानी नं.: ६०२०७७१८ LT. No.: 292511

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 20 | 0 | स. काममा दक्ष | 900 | १२८०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ५ गते (22 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

KALINCHOK H. R. PVT. LTD.
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np



## UAE मा बैदेशिक रोजगारको अवसर

कम्पनी: G C S German concrete works and building contracting LLC Dubai Branch

पूर्व स्वीकृती मिति २०८०।०५।२५ चलानी नं. ६०२०७४३७ LT.No. 292347

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलव AED | नेरु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाइम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Mason/Tile/Block/Plaster/Concrete/Machine Operator | 57 | - | काममा दक्ष | 1300 | ६६,८९१।- | ६ दिन | ८ घण्टा | क. नि. अनुसार | | छ | | २ वर्ष |

फाइनल अन्तर्वार्ता २०८० असोज ५ गते (22 Sept., 2023) राम जानकी ट्रेनिङ्ग सेन्टर जनकपुरधाम-७ मा, २०८० असोज ६ गते (23 Sept., 2023) अञ्जली सीप विकास केन्द्र प्रा.लि. इटहरी -९, सुनसरीमामा र २०८० असोज ७ र ८ गते (24 & 25 Sept., 2023) मेनपावर कार्यालय लाजिम्पाटमा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोषको व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला ।

रोयल ओभरसिज नेपाल प्रा. लि.
ROYAL OVERSEAS NEPAL
श्रम इजाजत नं. १६६/०५६/०५७
लाजिम्पाट काठमाण्डौं फोन नं.:-०१-४४२११५६/४४३२२४४



## साइप्रसमा रोजगार | कम्पनी: ATLAS EMPLOYMENT LTD शहर: Cyprus,syprus

पूर्व स्वीकृत मिति: २०८०/०२/१७ चलानी नं.: ६०२०२२८९ LT. No.: 286923

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DOMESTIC WORKER | 0 | 20 | स. काममा दक्ष | 315 | ४४,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असोज ४ गते (21 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

सक्षम ह्युमन रिसोर्सेज प्रा.लि.
इजाजत नं. ९२७/०६७/०६८
३०५/२५ एशोर्य मार्ग, कोटेश्वर-३५, काठमाडौं ,नेपाल, फोनः 01- 5100754, Mobile: 9813106163
Email: excelnp1@gmail.com, sakshamhr@gmail.com/ Website: www.shrnepal.com



## यूएईमा रोजगार | कम्पनी : POWER RECRUITMENT LLC शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०५/२८ चलानी नं.: ६०२०७७२६ LT. No.:292503

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Laborer | 250 | 0 | सम्बन्धित काममा दक्ष | 800 | १८,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Brick Layer Assistant | 150 | 0 | | 800 | १८,८५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असोज ५ गते (22 September 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझा विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Kangaroo Human Resources Pvt. Ltd.
Govt. Lic. No.: 1381/074/075
P O box No: 12772, Battisputali-9, Kathmandu, Phone No: 01-4465882, 4465885
Mob.: 9801090371, 9801854401, 9801122569, E-mail : kangaroohumanrec@gmail.com, Web.: www.kangaroohr.com



